# पाथीभरा बहुमुखी क्याम्पस

फुङलिङ नगरपालिका-४, ताप्लेजुङ

२०४७

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
पाथीभरा क्याम्पस, ताप्लेजुङ
स्था : २०४७

## वार्षिक प्रतिवेदन

२०७९/०८०

प्रकाशन मिति : २०८०/०८/०३

# पाथीभरा बहुमुखी क्याम्पस

फुङलिङ.न.पा.-४, ताप्लेजुङ

२०४७

# वार्षिक प्रतिवेदन

२०७९/०८०

प्रकाशन मिति :२०८०/५/२७

## प्रतिवेदन तयारी समिति

संयोजक : सजन पौडेल

सदस्य : भेषराज गौतम

सदस्य : शान्तिराम नेपाल

*क्याम्पस सञ्चालक समिति समर्थन मिति : २०७९/०४/३०*

# व्यवस्थापकीय सारसङ्क्षेप

नेपालको सुदूर पूर्वमा अवस्थित ताप्लेजुङ जिल्ला विकट हिमाली जिल्ला हो । यस जिल्लामा अवस्थित पाथीभरा बहुमुखी क्याम्पस जिल्लाको सन्दर्भमा सबै भन्दा पुरानो उच्च शिक्षाको केन्द्र हो । यस क्षेत्रका विद्यार्थीहरुलाई उच्च शिक्षाको सहज पहुँच विकास गर्न तीन दशक भन्दा अघि स्थापना भएको यो क्याम्पस भौतिक, आर्थिक रुपमा त्यति सवल र सक्षम छैन । शैक्षिक विकासमा दुर्गम र हिमाली क्षेत्र हुनुको प्रभाव आजसम्म छँदैछ । अन्य सुविधा सम्पन्न शहर र घना वस्ती भएका तराई तथा उपत्यकामा जस्तो यहाँ विद्यार्थी संख्या उच्च छैन तर, त्यति न्यून भन्न पनि मिल्दैन । यस जिल्लामा आवादी कम भएका कारण सुगम क्षेत्रमा भन्दा न्यून विद्यार्थी संख्याका बीच क्याम्पस सुचारु भइ रहेको छ । विश्व जगत विज्ञान र प्रविधिको क्षेत्रमा तीव्र रुपमा अघि बढेको सन्दर्भमा यो क्याम्पस भर्खर बामे सरेको स्थितिमा छ । प्राविधिक र व्यवसायिक शिक्षाको सुरुवात गर्न यस क्याम्पसले सकेको छैन । शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग समेत गर्न सकिएको छैन । यसै पृष्ठभूमिमा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गर्ने नियमित अनुदानका लागि यस क्याम्पसमा आयोगद्वारा निर्दिष्ट कार्य कार्यान्वयन गर्नु, युग सापेक्ष शिक्षाको विकासका लागि अनुदान आयोग मार्फत् प्राविधिक, र आर्थिक सहयोग प्राप्त गर्नु हाम्रो मुख्य लक्ष्य हो । यसै यस क्याम्पसको वार्षिक प्रतिवेदन २०७८/०७९ तयार गर्ने जमर्को गरिएको छ ।

वि.सं. २०४७ साल देखि प्रविणता प्रमाण-पत्र तह संचालनको अनुमति त्रि.वि. ले प्रदान गरेकोमा २०६२ साल देखि शिक्षाशास्त्र, २०६४ देखि मानविकी तथा समाजशास्त्र, २०६६ देखि व्यवस्थापन संकाय र स्नातकोत्तर तह (२०७५) का संचालनको सम्बन्धन प्राप्त गरेको हो । दुईवटा तह सञ्चालनको अनुमति पाएको यस क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह खारेज भइसकेको छ भने शुन्य +२ को अनुमति लिइ सञ्चालनमा रहेको यस क्याम्पसमा +२ को कक्षा समेत हटाइ सकिएको छ । स्नातक तहका मानविकी संकाय, शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकायका कार्यक्रम सञ्चालन भइरहेको यस

क्याम्पसमा विगत तीन वर्ष देखि शिक्षाशास्त्र संकाय अन्तर्गत सेमेस्टर प्रणालीबाट दुई वटा विषयमा स्नातकोत्तर कक्षा सुरु भएको छ ।

विद्यार्थी भर्नाको स्थितिलाई हेर्ने हो भने गत शैक्षिक सत्रमा भन्दा यस शैक्षिक सत्रमा विद्यार्थी भर्ना दर बढेको देखिन्छ । गत वर्ष विद्यार्थीसंख्या जम्मा ११५६ भएकोमा यस आ.व. मा स्नातकोत्तर सहित जम्मा ८८४ विद्यार्थी यस क्याम्पसमा रहेको देखिन्छ । यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमा छात्राहरुको संख्या केही उच्च रहेको छ । त्यसमा पनि शिक्षाशास्त्र सङ्कायमा छात्राहरुको उपस्थिति सबैभन्दा उच्च देखिन्छ । अघिल्लो आ.ब.मा मानविकी अन्तर्गत छात्र संख्या ५० र छात्रा संख्या १०१ गरी जम्मा १५१ जना विद्यार्थी रहेको तथा व्यवस्थापनमा छात्र संख्या ९१ र छात्रा संख्या १४० गरी जम्मा २३१ जना रहेको देखिन्छ । यसरी जम्मा छात्र संख्या ३५७ र जम्मा छात्रा संख्या ७९९ जना गरी जम्मा ११५६ जना विद्यार्थी भर्ना भएको अवस्था छ भने यस आ.ब.मा शिक्षाशास्त्र संकायमा स्नातक तहमा २३१ जना र स्नातकोत्तर गरी छात्र संख्या १३ गरी जम्मा २४४ जना छात्र तथा स्नातक तहमा ६२० र स्नातकोत्तर तहमा २० छात्रा गरी जम्मा ६४० छात्रा अध्ययनरत रहेको देखिन्छ । यस आ.व.मा स्नातक र स्नातकोत्तर तहमा विद्यार्थी संख्या ८८४ रहेका छन् । यसरी हेर्दा छात्र भन्दा छात्रा दुई गुणा बढी स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका छन् ।

यस क्षेत्रमा नेपालको साक्षरता दर हासिल गर्न नसकेका केही जाति जनजातिका विद्यार्थीहरु पनि अध्ययन गर्न आउँछन् । यस्ता जाति जनजातिहरु अन्तर्गत सार्की, कामी, दमाई, घले, सुनुवार, तामाङ आदि रहेका छन् । तिनीहरुको उपस्थिति त्यति उच्च छैन । यहाँ बसोबास गर्ने शेर्पाहरु तोप्केगोला र वालुङ समुदायका भएका भए तापनि उनीहरु सबैले शेर्पा थर लेखेको हुँदा शेर्पाहरुको ठूलो संख्या सुविधा विहीन वर्गको गणनामा छैन । तथापि शैक्षिक सुविधा वञ्चित विद्यार्थीहरु पनि अत्यन्त न्यून संख्यामा यस वर्ष क्याम्पसमा अध्ययनरत छन् ।

यस क्याम्पसबाट ग्राजुएट भएका विद्यार्थीहरुको तथ्याङ्क हेर्दा सन् २०२० २०२१ र २०२२ मा क्रमशः ४८,४७ र ३४ जना ग्राजुएट भएका छन् । यस अवधिमा जना ग्राजुएट भएको तथ्याङ्कबाट देखिन्छ ।

यस क्याम्पसमा तीनवटा शैक्षिक कार्यक्रमहरु सञ्चालनमा छन् । सबैभन्दा पहिले मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकाय (२०५९), त्यसपछि शिक्षाशास्त्र सङ्काय (२०६२) र व्यवस्थापन सङ्काय (२०६६) र स्नातकोत्तर तह (२०७५) को सम्बन्धन लिई अध्यापन भइ रहेको छ ।  विश्वव्यापी मान्यता अनुरुप नयाँ प्रविधिको शिक्षणमा प्रयोग हुन नसके तापनि सहभागितामूलक शिक्षण विधिको प्रयोगमा जोड दिइँदै आएको छ ।

भौतिक प्रगतिलाई हेर्ने हो भने क्याम्पसको नाममा सदरमुकाममै १४-८-३-१ क्षेत्रफल जमीन रहेको छ । आफ्नै पानीको मूलबाट खानेपानीको आपूर्ति गरिएको छ । ३८ वटा कोठाहरु भएका ५ वटा भवनहरु छन् । जसमा २० कोठा पक्की रहेका र अन्य १८ कोठा कच्ची रहेका छन् । यसको निर्माणमा जि.वि.स., ताप्लेजुङ, निर्माण व्यवसायी र विश्वविद्यालय अनुदान आयोगको सहयोग प्राप्त भएको छ ।

सूचना प्रविधिको क्षेत्रमा पनि यस क्याम्पस प्रवेश भएको छ । निरन्तर रुपमा एडिएसल सर्भिस लिई सूचनाको पहुँच कायम गरेको छ । ल्यापटप, डेक्सटप, प्रिन्टर, प्रोजेक्टरको खरिद र प्रयोग हुँदै आएको छ । क्याम्पसको आफ्नै पुस्तकालयमा ८०९२ थान पुस्तक, सन्दर्भ सामग्री र जर्नल्सहरु रहेका छन् । यस क्याम्पसमा स्तरीय खालका डेक्सवेञ्च नभए पनि जम्मा ६५० जना विद्यार्थीहरुलाई एकै चोटी परीक्षा सञ्चालन गर्न सक्ने गरी डेक्स बेन्चको व्यवस्था गरिएको छ । तर, आधुनिक प्रकृतिका फर्निचरहरुको व्यवस्थापन गर्न भने सकिएको छैन । अफिस फर्निचरहरु पनि व्यवस्था गरिएको  भए पनि अपर्याप्त छ । हरेक प्राध्यापकहरुलाई आफ्ना सामग्री सुरक्षित गर्न कोठे दराजको समेत प्रवन्ध गरिएको छ ।

क्याम्पस सञ्चालनको मुख्य स्रोत विद्यार्थी शुल्क हो । विद्यार्थीहरुबाट प्राप्त हुने शुल्क विभिन्न शिर्षकमा छन् । भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क, रजिष्ट्रेशन शुल्क, पुस्तकालय शुल्क लगायतका शुल्कहरुले नै क्याम्पस सञ्चालनमा सहजता सिर्जना भएको छ ।विश्वविद्यालय अनुदान आयोगबाट आउने नियमित अनुदान रु २१,७०,०००।- नै यस क्याम्पसको नियमित र दिगो आम्दानी रहेको छ ।

गत आ.व.मा आम्दानी भन्दा खर्च बढी भइ जगेडा रकम क्षय भइरहेको छ । प्राध्यापकहरुको तलव तथा भत्तामा ठूलो रकम खर्च हुने गरेको छ । अन्य खर्च पनि निकै ठूलो रहेको छ । गत आ.व.मा मुख्य निर्माणका कार्यहरु केही भएका छैनन् । शैक्षिक भ्रमण

र पुस्तक प्रकाशनमा केही रकम खर्च भएको छ । मेसिन औजार खरिद र मर्मतमा खासै रकम खर्च भएको देखिँदैन ।

गत आ.व.०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक परीक्षण नियमानुसार गर्न र मूल्य खुलाई जिन्सी सामानको अभिलेख राख्न सुझाव दिएको छ । अन्य पक्ष सकारात्मक रहेको टिप्पणी गरेको पनि छ ।

यो प्रतिवेदन यस पाथीभरा बहुमुखी क्याम्पसको वास्तविक अभिलेख हो । यहाँ भएका तथ्य र तथ्याङ्कहरु दुरुस्त छन् । सत्य तथ्य रुपमा अभिलेखको दुरुत्साहन गर्नु यस प्रतिवेदनको मुख्य आशय हो । क्याम्पसका सम्पूर्ण अभिलेख यसमा समेट्न नसके पनि विश्वविद्यालय अनुदान आयोगको निर्देशन अनुसार तोकिएका बुँदाहरुमा आधारित भएर भए पनि तथ्याङ्क आंशिक रुपमा समेटिएको छ ।

# विषय-सूची


| क्र.सं. | पेज |
|---|---|
| १. पृठभूमि | १ |
| २. शैक्षिक प्रगतिः | २-१८ |
| २.१ विद्यार्थी भर्ना | |
| क) कार्यक्रमगत/संकायगत विवरण | |
| ख) तहगत विवरण | |
| ग) शैक्षिक लाभ हाँसिल गर्न नसकेका विद्यार्थी र छात्राहरुः | |
| २.२ उत्तीर्ण दर विश्लेषण | |
| क) कार्यक्रमगत/संकायगत विवरण | |
| ख) तहगत विवरणः | |
| ग) शैक्षिक लाभ हाँसिल गर्न नसकेका विद्यार्थी र छात्राहरुः | |
| २.३ स्नातक तह विश्लेषण | |
| क) कार्यक्रमगत स्नातक विश्लेषण | |
| ख) तहगत स्नातक विश्लेषण | |
| ग) छात्रा तथा सुविधा विहीन स्नातक विश्लेषण | |
| २.४ कार्यक्रमहरु | |
| २.५ शैक्षणिक विधि | |
| ३. भौतिक प्रगति | १९-२३ |
| ३.१ पूर्वाधार विकास | |
| ३.२ शैक्षिक सहयोग | |
| ३.२.१.सूचना तथा प्रविधि (**ICT**) | |
| ३.२.२. उपकरणहरु | |
| ३.२.३. किताव, सन्दर्भ सामग्री र जर्नल्स | |
| ३.२.४. फर्निचर | |
| ४.वित्तीय/आर्थिक प्रगति | २४-२५ |
| ४.१ पछिल्ला वर्षहरुमा भएको आय र व्यय | |

४.१.१. आन्तरिक स्रोत

४.१.२. सरकारी स्रोत

४.१.३. अन्य स्रोत

५.तीन वर्षको खर्च विश्लेषण २६-२८

५.१. नियमित खर्च

५.१.१. तलव तथा भत्ता

५.१.२ अन्य खर्च

५.२. पूँजीगत खर्च

५.२.१ मुख्य पूर्वाधार विकास

५.२.२ सामान्य पूर्वाधार विकास

५.२.३. मेसिनरी औजार

५.२.४ पुस्तक खरिद

६ लेखापरीक्षण अवलोकन/ कमजोरी विश्लेषण तथा उपाय २९-३०

७. सामाजिक प्रगति ३१-३२

७.१.सामाजिक क्रियाकलापमा क्याम्पसको संलग्नताः

७.२. क्याम्पसलाई समुदायको सहयोग :

७.३. क्याम्पसबाट समुदाय सहयोगको योजना :

७.४.क्याम्पसमा समुदायको सहयोग वृद्धि गर्ने योजना :

८. मुद्दा तथा चुनौतिहरु ३३-३५

८.१ मुद्दा **(Issues)**

८.१.१ अल्पकालीन मुद्दाः

८.१.२. दीर्घकालीन मुद्दा :

८.२ चुनौति

८.३ क्याम्पसका मुद्दा तथा चुनौति न्यूनिकरणका उपायहरु

८.४ चुनौती सम्बोधनको योजना

## १. पृष्ठभूमि

पाथीभरा बहुमुखी क्याम्पस ताप्लेजुङ जिल्ला सदरमुकाम फुङ्लिङ नगरपालिका वडा नं. ४ मा अवस्थित छ । नेपालको सुदूरपूर्वमा रहेको यस जिल्लाले पूर्वमा भारत र उत्तरमा चीनको सीमानालाई छुन्छ । बजारको भीडभाड देखि थोरै मात्र बाहिर शान्त र रमणीय स्थलमा यो क्याम्पस रहेको छ । ८ वटा गाउँपालिका, १ नगरपालिका सहित ९ वटा स्थानीय तह भएको यस जिल्लामा खोलिएको यो पुरानो क्याम्पस हो । यो क्याम्पस विश्वविद्यालयीय शिक्षाका लागि जिल्लाभरिका विद्यार्थी र छिमेकी जिल्ला पाँचथर र तेह्रथुमका केही गाउँपालिकाका विद्यार्थीहरुका लागि यो क्याम्पस विश्वविद्यालयीय शिक्षाको केन्द्र बनेको छ । स्नातकोत्तर तहसम्म पढाई हुने यस क्याम्पसमा स्नातकोत्तर तह अन्तर्गत शिक्षाशास्त्र संकाय अन्तर्गतका नेपाली र शैक्षिक योजना तथा व्यवस्थापन विषयमा मात्र पढाइ प्रारम्भ गरिएको छ । आगामी दिनमा यसै क्याम्पसबाट प्राविधिक शिक्षाको विस्तार गर्न सकेमा यस जिल्लामा शैक्षिक क्षेत्रमा नयाँ आयाम थप हुने निश्चित छ । विभिन्न प्राविधिक र व्यवसायिक शिक्षा तथा बहुविषयमा स्नातकोत्तर शिक्षाको सुरुवातका लागि विशेष पहल गर्न नसकिएका कारण जिल्लाभरिका विद्यार्थीहरुले  प्राविधिक शिक्षाका लागि ठूलो दुःख झेल्नु परेको छ ।

यो क्याम्पस सामुदायिक क्याम्पस हो । समुदायका अग्रगन्य महानुभावहरुको पहलमा खोलिएको यो क्याम्पसको दीगो आयस्रोत छैन । विद्यार्थीहरुबाट प्राप्त हुने मासिक शुल्क नै यसको आम्दानीको मूख्य स्रोत हो । केही वर्ष अघिसम्म तत्कालीन जिल्ला विकास समिति लगायतका विभिन्न स्थानीय संघसंस्था तथा निकायहरुबाट क्याम्पसलाई आर्थिक सहयोग प्राप्त हुने गरेकोमा हाल विश्वविद्यालय अनुदान आयोगले विभिन्न परियोजना तथा कार्यक्रम मार्फत आर्थिक सहयोग गर्दै आएको छ । यस्तो सहयोग पनि साझेदारी गर्ने सर्तमा प्राप्त हुने हुँदा साझेदारीका लागि रकम जुटाउन यस क्याम्पसलाई निक्कै हम्मे हुने गरेको छ । अनुदान आयोगद्वारा परियोजना मार्फत प्राप्त हुने सहयोगका अलावा स्थानीय नगरपालिका तथा जिल्लाका गाउँपालिकाहरुले पनि सानोतिनो सहयोग प्रदान गर्न थालेका छन् । अनुदान आयोगको नियमित अनुदानले यस क्याम्पस संचालनमा ठूलो योगदान पुऱ्याएको छ ।

मुलभूत रुपमा विश्वविद्यालय अनुदान आयोगद्वारा उच्च शिक्षा सुधार परियोजना लागु भएको यस क्याम्पसमा आयोगद्वारा निर्दिष्ट कार्य सम्पादन गर्नु र कार्यान्वयन गर्नु हाम्रो अहम दायित्व हो । यसै सन्दर्भमा क्याम्पसद्वारा यस वर्ष पनि क्याम्पसको वार्षिक प्रतिवेदन २०८० तयार गरी विश्वविद्यालय अनुदान आयोग समक्ष पेश गरिएको छ ।

## २. शैक्षिक प्रगति

वि.सं. २०४७ सालदेखि प्रविणता प्रमाण-पत्र तह संचालनको अनुमति त्रि.वि.ले प्रदान गरेकोमा २०५९ सालदेखि स्नातक तहको मानविकी तथा समाजिकशास्त्र संकाय सञ्चालन गर्ने सम्बन्धन प्रदान गरेको हो । यसैगरी २०६२ सालदेखि शिक्षाशास्त्र संकाय र २०६६ देखि व्यवस्थापन संकाय संचालनको सम्बन्धन प्राप्त गरेको हो । यसैगरी वि.सं. २०७५ पौष २९ गते देखि स्नातकोत्तर कक्षा सञ्चालनको सम्बन्धन पाई कक्षा सञ्चालन भइ रहेको छ ।

सुरुका वर्षहरुमा स्नातक तहको शिक्षाशास्त्र संकायमा विद्यार्थी संख्या कम रहे तापनि अहिले भने विद्यार्थी संख्या केही उच्च रहेको देखिन्छ । यस क्याम्पसको शैक्षिक अवस्था, भौतिक अवस्था लगायत विभिन्न पक्षको जानकारी समेटेर यो प्रतिवेदन तयार गरिएको छ । क्याम्पसमा भर्ना भएका विद्यार्थी, छात्र छात्राको अवस्था, शैक्षिक सुविधा विहीन वर्गको शैक्षिक पहुँच लगायत हरेक वर्षको उत्तीर्ण दर र स्नातक तह पार गर्ने विद्यार्थीहरुको विश्लेषण गर्ने प्रयास यसै प्रतिवेदन मार्फत गरिएको छ ।

## २.१ विद्यार्थी भर्ना

हाल यस क्याम्पसमा स्नातक तहका विभिन्न विषयका कक्षाहरुमात्र सञ्चालन भइरहेका छन् । त्यसमा पनि विभिन्न प्राविधिक विषयहरुको अध्यापन हुन सकेको छैन । सञ्चालनमा आएका स्नातक तहका कक्षाहरुमा पनि नेपाली, अंग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, जनसंख्या शिक्षा जस्ता विषयहरुमात्र

पढाइ हुने हुँदा सो को अध्ययनका लागि विद्यार्थीहरु यस क्याम्पसमा भर्ना हुन्छन् । यस क्याम्पसमा निम्न तीन संकायमा विद्यार्थीहरुको भर्ना लिने गरिएको छ । वि.सं. २०७७/०७८ देखि २०७९/०८० सम्म यस क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रम र विद्यार्थीहरुको भर्ना विवरण यस प्रकार रहेको छ :-

क) शिक्षा शास्त्र संकाय

ख) मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकाय

ग) व्यवस्थापन संकाय

**क) कार्यक्रमगत/संकायगत विवरण**

| स्नातक तह | | | | |
|---|---|---|---|---|
| आ.व. | शिक्षा | मानविकी | व्यवस्थापन | जम्मा |
| २०७७/०७८ | ५२६ | १२८ | १५५ | ८०९ |
| २०७८/०७९ | ७२३ | १५१ | २३१ | ११०५ |
| २०७९/०८० | ५५२ | ११४ | १८५ | ८५१ |
| स्नातकोत्तर तह (शिक्षा) | | | | |
| २०७७/०७८ | ५९ | | | ५९ |
| २०७८/०७९ | ५१ | | | ५१ |
| २०७९/०८० | ३३ | | | ३३ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तालिकाको आधारमा शैक्षिक सत्र २०७७/०७८ मा ८०९ जना, शैक्षिक सत्र २०७८/०७९ मा ११०५ जना र २०७९/०८० मा ८५१ जना विद्यार्थी स्नातक तहमा अध्ययनरत रहेको देखिन्छ भने स्नातकोत्तर तहमा ३३ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । तीन वर्षको अवधिमा शैक्षिक सत्र २०७८/०७९मा सबैभन्दा धेरै विद्यार्थी रहेको देखिन्छ । उक्त तालिका अनुसार शिक्षाशास्त्र संकायमा पहिलो वर्ष भन्दा दोस्रो वर्षमा बढी र सो भन्दा अन्तिम वर्षमा विद्यार्थीसंख्या कम रहेको देखिन्छ ।

संकायगत रुपमा हेर्ने हो भने शिक्षाशास्त्र तर्फ शैक्षिक सत्र शैक्षिक सत्र २०७७/०७८ मा ५२६ जना, २०७८/०७९ मा ७२३ जना र २०७९/०८० मा ५५२ तथा स्नातकोत्तर तहमा ३३ जना गरी जम्मा ५८५ विद्यार्थी भर्ना भएको देखिन्छ । शिक्षाशास्त्र तर्फ विद्यार्थी भर्ना तीन वर्षको अवधिमा पहिलो वर्षको तुलनामा दास्रोमा बढी र तस्रो वर्षमा कम देखिन्छ ।

यसैगरी मानविकी तर्फ शैक्षिक सत्र २०७७/०७८ मा १२८ जना रहेकोमा २०७८/०७९ मा १५१ जना र २०७९/०८० मा ११४ विद्यार्थी भर्ना भएको देखिन्छ । मानविकी संकायतर्फ विद्यार्थी भर्ना तीन वर्षको अवधिमा पहिलो वर्षको तुलनामा दास्रोमा बढी र तेस्रो वर्षमा कम देखिन्छ ।

यसै गरी व्यवस्थापन समूहमा तीन वर्षको अवधिमा सुरुको शैक्षिक सत्र २०७७/०७८ मा १२३ जना रहेकोमा शैक्षिक सत्र २०७८/०७९ मा २३१ जना र २०७९/०८० मा १८५विद्यार्थी भर्ना भएको देखिन्छ । व्यवस्थापन संकाय तर्फ पनि विद्यार्थी भर्ना तीन वर्षको अवधिमा पहिलो वर्षको तुलनामा दास्रोमा बढी र तेस्रो वर्षमा कम देखिन्छ ।

यसबाट के प्रष्ट हुन्छ भने शिक्षाशास्त्र संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय र व्यवस्थापन संकाय गरी तीनवटै संकायमा विद्यार्थी भर्ना दर सुरुका वर्षमा तुलनामा दास्रोमा बढी र तेस्रो वर्षमा कम देखिन्छ ।

**ख) छात्र-छात्रा विवरण**

**शिक्षाशास्त्र (स्नातक तह)**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| २०७७/०७८ | ६६ | १७७ | ५४ | ११९ | ११ | ६८ | ७ | २५ | १३७ | ३८९ | ५२६ |
| २०७८/०७९ | ५३ | १७६ | ५५ | १५६ | ५४ | ११९ | १० | ६२ | १८३ | ५४० | ७२३ |
| २०७९/०८० | २७ | ८१ | ३३ | १४३ | ३२ | ११२ | ३५ | ८९ | १२७ | ४२५ | ५५२ |

**स्नातकोत्तर तह (शिक्षाशास्त्र)**

| आ.व. | प्रथम वर्ष | | दोस्रो वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| २०७७/०७८ | १४ | ८ | १३ | २४ | २७ | ३२ | ५९ |
| २०७८/०७९ | २३ | १३ | १० | ५ | ३३ | १८ | ५१ |
| २०७९/०८० | ३ | ७ | १० | १३ | १३ | २० | ३३ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा छात्र र छात्रा उपस्थितिलाई हेर्ने हो भने शैक्षिक सत्र ०७७/०७८ मा भन्दा शै.स ०७८/०७९ मा छात्र छात्रा भर्ना दर उच्च हुँदै आएको र शैक्षिक सत्र ०७९/०८० मा कम भएको देखिन्छ। शैक्षिक सत्र २०७७/०७८ मा ११६ ले वृद्धि भई ५२६ पुगेको देखिन्छ। यसैगरी यस शै.व. २०७८/०७९ मा १९७ ले बढी भइ ७२३ संख्या पुगेको देखिन्छ। यसैगरी स्नातकोत्तर तर्फ शै.स २०७७/०७८ मा प्रथम र दोस्रो सेमेष्टरमा ५९ जनाको उपस्थिति रहेकोमा पछिल्लो वर्ष सो संख्या ८ ले घटेर ५१ जना पुगेको छ यस शै.व.मा ३३ जना रहेको हुँदा स्नातकोत्तरमा विद्यार्थी घट्ने क्रम जारी रहेको छ। यस शै.व. २०७८/०७९ मा स्नातकोत्तर तहमा दोस्रो र चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थी संख्या जम्मा ३३ रहेको छ।

छात्र भर्ना दरलाई हेर्ने हो भने शैक्षिक सत्र २०७७/०७८ मा १३७ जना, शै.स. २०७८/०७९ मा १८३ जना र शैक्षिक सत्र २०७९/०८० मा १२७ जना पुगेको देखिन्छ। जसमा स्नातकोत्तर तहको छात्र संख्या १३ जना जोड्दा २२९ जना छात्र भर्ना भएको तथ्याङ्कले देखाउँछ।

छात्रा भर्ना दरलाई हेर्ने हो भने शैक्षिक सत्र २०७७/०७८ मा ३८९ जना, शै.स. २०७८/०७९ मा ५४० पुगेको र यस शैक्षिक सत्रमा ४२५ पुगेको देखिन्छ। जसमा स्नातकोत्तर तहको छात्रा संख्या २० जोड्दा ४४५ जना छात्रा भर्ना भएको तथ्याङ्कले देखाउँछ।

छात्र र छात्रा संख्या हेर्ने हो भने शै.स ०७७/०७८ मा भन्दा ०७८/०७९ मा पनि छात्र भन्दा छात्रा बढी रहेको र शैक्षिक सत्र ०७९/०८० मा पनि छात्र भन्दा .बढी छात्रा रहेको तथ्याङ्कले देखाउँछ ।

प्रस्तुत तथ्याङ्कललाई हेर्दा छात्र उपस्थिति भन्दा छात्रा उपस्थिति उच्च रहेको छर्लङ्ग हुन्छ । छात्राहरुलाई स्थानीय परिवेशमा र छात्रहरुलाई वाह्य परिवेशमा अध्यापनको अवसर दिइएको कारण छात्र छात्राको असमान वितरण देखिएको हुनसक्छ भने अर्कोतर्फ छात्रहरु देशभित्रको वेरोजगारीले गर्दा विदेशी भूमिमा श्रम गर्न गएका कारण भर्नामा उपस्थिति कम भएको छ भन्ने पनि बोध गराउँछ । त्यतिमात्र नभएर शिक्षाशासत्र संकायमा पुरुषको आकर्षण कम र महिलाको आकर्षण बढी देखाउँछ । जे भए पनि यस क्याम्पसमा विद्यार्थीहरुको विवरणबाट हेर्दा छात्रको उपस्थिति अत्यन्त न्यून रहेको र छात्राको उपस्थिति उच्च रहेको छ । प्रस्तुत तालिकाबाट हेर्दा लिङ्गीय असमानता रहेको भए पनि छात्राहरुले प्राप्त गरेको शैक्षिक अवसरलाई सकारात्मक मान्न सकिन्छ ।

**मानविकी संकाय**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| २०७७/०७८ | १९ | ५४ | ९ | १४ | १० | २२ | - | - | ३८ | ९० | १२८ |
| २०७८/०७९ | २२ | ३३ | १९ | ५४ | ९ | २२ | - | - | ५० | १०१ | १५१ |
| २०७९/०८० | १२ | १० | १९ | २८ | ६ | २५ | ४ | १० | ४१ | ७३ | ११४ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा छात्र र छात्रा उपस्थितिलाई हेर्ने हो भने यस मानविकी तथा सामाजिकशास्त्र अध्ययन संकायमा शैक्षिक सत्र २०७७/०७८ मा छात्र भर्ना ३८ रहेकोमा शैक्षिक वर्ष २०७८/०७९ मा ५० र शैक्षिक वर्ष २०७९/०८० मा ४१ जना भर्ना भएको देखिन्छ ।

यसैगरी छात्रा तर्फ हेर्ने हो भने शैक्षिक सत्र ०७७/०७८ मा ९० जना शैक्षिक वर्ष ०७८/०७९ मा १०१ जना र शैक्षिक वर्ष २०७९/०८० मा ७३ विद्यार्थी भर्ना भएको देखिन्छ । यसबाट हेर्दा तीन वर्षको अवधिमा विद्यार्थी भर्ना पहिलो वर्षको तुलनामा दास्रोमा बढी र तेस्रो वर्षमा कम देखिन्छ ।

छात्र र छात्रा संख्या हेर्ने हो भने अधिल्लो शैक्षिक सत्र भन्दा शैक्षिक सत्र ०७८/०७९ मा २३ जनाले बढी र अधिल्लो शैक्षिक सत्र भन्दा शैक्षिक वर्ष ०७९/०८० मा ३७ जनाले कम रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा छात्रछात्राको यस संकायमा पनि लैङ्गिक असमानता देखिएको भए तापनि छात्राहरुलाई प्राप्त भएको भर्नाको अवसरलाई सकारात्मक मान्न सकिन्छ । उच्च शिक्षामा छात्राहरुको पहुँच सिर्जना भएको नै देखिन्छ ।

**व्यवस्थापन संकाय**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| २०७७/०७८ | ३७ | ४५ | १३ | २६ | ३ | १८ | ७ | ६ | ६० | ९५ | १५५ |
| २०७८/०७९ | ३८ | ५० | ३७ | ४५ | ९ | २३ | ३ | १८ | ९१ | १४० | २३१ |
| २०७९/०८० | २० | ३६ | २१ | ३८ | १८ | २८ | ५ | १९ | ६४ | १२१ | १८५ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा छात्र उपस्थितिलाई हेर्ने हो भने शैक्षिक सत्र ०७७/०७८ मा ६०, शैक्षिक सत्र ०७८/०७९ मा ९१ र शैक्षिक वर्ष ०७९/०८० मा ६४ रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा छात्र र छात्रा उपस्थितिलाई हेर्ने हो भने यस व्यवस्थापन संकायमा शैक्षिक सत्र शैक्षिक सत्र ०७७/०७८ मा छात्र भर्ना दर भन्दा शैक्षिक सत्र ०७८/०७९ मा पनि छात्र भर्ना उच्च नै रहेको देखिन्छ । यस शैक्षिक वर्ष ०७९/०८० मा छात्र भर्ना दर अगिल्लो वर्षहरुको तुलनामा कम देखिन्छ ।

त्यसैगरी व्यवस्थापन संकायमा शैक्षिक सत्र शैक्षिक सत्र ०७७/०७८ मा ९५ छात्रा भर्ना, शैक्षिक सत्र ०७८/०७९ मा छात्रा भर्ना १४० छात्रा भर्ना र शैक्षिक वर्ष

०७९/०८० मा छात्रा भर्ना १२१ भएको देखिन्छ । सुरुको वर्षभन्दा दोस्रो वर्षमा छात्र संख्या ४५ ले बढी र शैक्षिक वर्ष ०७९/०८० मा भने दोस्रो वर्ष भन्दा १९ जनाले कम देखिन्छ ।

प्रस्तुत तथ्याङ्कललाई हेर्दा छात्रछात्राको उपस्थिति पहिलो वर्ष ३५ दोस्रो वर्षमा ४९ जनाले जनाले बढी अन्तिम वर्षमा ५७ जनाले विद्यार्थी संख्या उच्च रहेको देखिन्छ । समग्रमा छात्र भन्दा छात्रा भर्ना दर उच्च नै रहेको छ । यस संकायमा थोरै लैङ्गिक असमानता देखिएको भएता पनि छात्राहरुलाई प्राप्त भएको भर्नाको अवसरलाई सकारात्मक मान्न सकिन्छ ।

**ख) तहगत विवरण**

यस क्याम्पसमा अहिलेसम्म स्नातक तह र स्नातकोत्तर तहको कक्षाहरु मात्र संचालन गरिएको छ । यस भन्दा अगावै त्रिभुवन विश्वविद्यालयको प्रविणता प्रमाणपत्र तह खारेज भइ सकेको छ । विश्वविद्यालय तहको शिक्षाको नाममा स्नातक तह र स्नातकोत्तर तह मात्र सञ्चालनमा रहेको यस क्याम्पसको सोही तहको मात्र विश्लेषणात्मक अध्ययन गर्ने जमर्को गरिएको छ ।

प्रस्तुत तथ्याङ्कललाई हेर्दा छात्र उपस्थिति भन्दा छात्रा उपस्थिति उच्च रहेको छर्लङ्ग हुन्छ । छात्राहरुलाई स्थानीय परिवेशमा र छात्रहरुलाई वाह्य परिवेशमा अध्यापनको अवसर दिइएको कारण छात्र छात्राको असमान वितरण देखिएको हुनसक्छ भने अर्कोतर्फ छात्रहरु नेपालको वेरोजगारीका कारण विदेशी भूमिमा श्रम गर्न गएका कारण भर्नामा उपस्थिति कम भएको छ भन्ने पनि बोध गराउँछ । त्यतिमात्र नभएर व्यवस्थापन संकायमा पनि पुरुषको आकर्षण कम र महिलाको आकर्षण बढी देखाउँछ । जे भए पनि यस क्याम्पसमा विद्यार्थीहरुको विवरणबाट हेर्दा छात्रको उपस्थिति अत्यन्त न्यून रहेको र छात्राको उपस्थिति उच्च रहेको स्पष्ट देखिन्छ ।

**ग) शैक्षिक लाभ हाँसिल गर्न नसकेका विद्यार्थी र छात्राहरु**

यस क्याम्पसबाट सेवा प्राप्त गर्ने विद्यार्थीहरु विभिन्न जातजातिका छन् । विशेष गरी लिम्बु, ब्राम्हण, क्षेत्री, गुरुङ, राई, मगर, तामाङ, शेर्पा, सुनुवार, कामी, दमाइ, सार्की, भोटे लगातका जातिका विद्यार्थीहरुको उपस्थिति यस क्याम्पसमा रहेको छ । जसलाई निम्न तालिकामा देखाइएको छ -

**छात्रा र सुविधा विहिन वर्ग विश्लेषण**

**शिक्षाशास्त्र संकाय (स्नातक)**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS |
| २०७७/०७८ | १७७ | १५ | ११९ | ९ | ६८ | ५ | २५ | १ |
| २०७८/०७९ | १७६ | २१ | १७७ | १५ | ११९ | ९ | ६८ | ५ |
| २०७९/०८० | ८१ | ६ | १४५ | ५ | ११२ | ३ | ८९ | ३ |

**शिक्षाशास्त्र संकाय (स्नातकोत्तर)**

| आ.व. | प्रथम सेमेष्टर | | तृतीय सेमेष्टर | |
|---|---|---|---|---|
| | छात्रा | EDS | छात्रा | EDS |
| २०७७/०७८ | ८ | १ | २५ | ४ |
| २०७८/०७९ | १३ | २ | ५ | १ |
| २०७९/०८० | ७ | - | १४ | १ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ को प्रथम वर्षमा १७७ जना भर्ना भएकोमा १५ जना विद्यार्थीहरु र शैक्षिक सत्र ०७८/०७९ को प्रथम वर्षमा १७६ जना भर्ना भएकोमा २१ जना जना र ०७९/०८० को प्रथम वर्षमा ८१ जना भर्ना भएकोमा ६ जना विद्यार्थी शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत

रहेको देखिन्छ । यसबाट हेर्दा तीन वर्षको अवधिमा विद्यार्थी भर्ना पहिलो वर्षको तुलनामा दास्रो वर्षमा बढी र तेस्रो वर्षमा कम देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र २०७७/०७८ को द्वितीय वर्षमा ११९ भर्ना भई शैक्षिक लाभ विहीन वर्गमा ९ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको र शैक्षिक सत्र ०७८/०७९ को प्रथम वर्षमा १७७ जना भर्ना भएकोमा १५ जना र शैक्षिक सत्र ०७९/०८० को प्रथम वर्षमा १४५ जना भर्ना भएकोमा ५ जना विद्यार्थी रहेको देखिन्छ । यसरी हेर्दा तीन वर्षको अवधिमा पहिलो वर्षको तुलनामा दास्रोमा बढी र तेस्रो वर्षमा कम नै देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र २०७७/०७८ मा ६८ जना छात्रा तृतीय वर्षमा भर्ना भएकोमा जम्मा ५ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको र शैक्षिक सत्र ०७८/०७९ मा ११९ जना भर्ना भएकोमा शैक्षिक सुविधा विहीन वर्ग अन्तर्गत जम्मा ९ जना र ०७९/०८० को प्रथम वर्षमा ११२ जना भर्ना भएकोमा ३ जना रहेको देखिन्छ । यसबाट हेर्दा तीन वर्षको अवधिमा विद्यार्थी भर्ना पहिलो वर्षको तुलनामा दास्रो वर्षमा बढी र तेस्रो वर्षमा कम देखिन्छ।

चौथो बर्षको छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र २०७७/०७८ मा २५ जना भर्ना भएकोमा शैक्षिक सुविधा विहीन वर्ग अन्तर्गत जम्मा १ जना, शैक्षिक सत्र २०७८/०७९ मा ६८ जना भर्ना भएकोमा शैक्षिक सुविधा विहीन वर्ग अन्तर्गत जम्मा ५ जना र शैक्षिक सत्र ०७९/०८० मा ८९ जना छात्रा भर्ना भएकोमा कोही पनि विद्यार्थी शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत ३ जना रहेको देखिन्छ ।

यसैगरी शैक्षिक सत्र ०७९/०८० मा स्नातकोत्तर प्रथम सेमेष्टरमा ७ जना छात्रा भर्ना भएकोमा एकजना पनि शैक्षिक लाभ विहीन वर्ग नरहेको र तेस्रो सेमेष्टरमा १४ जना छात्रा भर्ना भएकोमा १ जना विद्यार्थीहरु शैक्षिक लाभविहीन वर्ग अन्तर्गत रहेको देखिन्छ । यसरी स्नातकोत्तर तहमा समेत १ जना मात्र विद्यार्थी शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ मा ३० जना विद्यार्थीहरु शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेका, शैक्षिक सत्र०७८/०७९मा स्नातक तहका ५० जना विद्यार्थीहरु र ०७९/०८० मा १७ जना र स्नातकोत्तर तहका १ जना गरी जम्मा १८ जना विद्यार्थीहरु शैक्षिक लाभविहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

**व्यवस्थापन संकाय**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS |
| २०७७/०७८ | ४५ | ५ | २७ | २ | १८ | ३ | ६ | - |
| २०७८/०७९ | ५० | ११ | ४५ | ५ | २६ | २ | १८ | ३ |
| २०७९/०८० | ४६ | ४ | ४२ | ३ | २८ | २ | १९ | १ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

व्यवस्थापन सङ्काय अन्तर्गत छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ मा ४५जना छात्रा प्रथम वर्षमा भर्ना भएकोमा जम्मा ५ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको, शैक्षिक सत्र ०७७/०७८ मा ५०जना छात्रा प्रथम वर्षमा भर्ना भएकोमा जम्मा ११ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको र शैक्षिक सत्र ०७९/०८० मा ४६ जना भर्ना भएकोमा ४ जना लाभ विहीन वर्ग रहेको देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ मा २७ जना छात्रा दास्रो वर्षमा भर्ना भएकोमा जम्मा २ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको र शैक्षिक सत्र ०७८/०७९ मा ४५ जना भर्ना भएकोमा ५ जना र ०७९/०८० मा ४२ जना भर्ना भएकोमा ३ जना लाभ विहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ मा १८ जना छात्रा तृतीय वर्षमा भर्ना भएकोमा जम्मा ३ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको र शैक्षिक सत्र ०७८/०७९ मा २६ जना भर्ना

भएकोमा २ र ०७९/०८० मा २८ जना भर्ना भएकोमा २ जना लाभ विहीन वर्ग रहेको देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा श शैक्षिक सत्र ०७७/०७८ मा ६ जना छात्रा चौथो वर्षमा भर्ना भएकोमा कोही पनि नरहेको, शैक्षिक सत्र ०७८/०७९ मा १८ जना भर्ना भएकोमा ३ जना र ०७९/०८० मा १९ जना भर्ना भएकोमा १ जना लाभ विहीन वर्ग अन्तर्गत रहेको देखिदैन ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७७/०७८ मा स्नातक तहका ९६ छात्रा भर्ना भएकोमा जम्मा १० जना जना विद्यार्थीहरु, शैक्षिक सत्र ०७८/०७९ मा १३९ छात्रा भर्ना भएकोमा २० जना र ०७९/०८० मा १३५ छात्रा भर्ना भएकोमा १० जना लाभ विहीन वर्ग रहेको देखिन्छ । विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको शैक्षिक लाभविहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

**मानविकी तथा समाजिकशास्त्र संकाय**

| आ.व. | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | चतुर्थ | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS | छात्रा | EDS |
| २०७७/०७८ | ५४ | ५ | १४ | ६ | २२ | २ | - | - |
| २०७८/०७९ | ३३ | ४ | ५४ | ५ | १४ | ६ | - | - |
| २०७९/०८० | १० | १ | २३ | २ | २५ | १ | १० | १ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

मानविकी सङ्काय अन्तर्गत छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा प्रथम बर्षको शैक्षिक सत्र २०७७/०७८ मा ५४ जना छात्रा भर्ना भएकोमा शैक्षिक सुविधा विहीन विद्यार्थी संख्या ५ जना, शैक्षिक सत्र, ०७८/०७९ मा ३३ जना छात्रा भर्ना भएकोमा ४ जना र २०७९/०८० मा १० जना छात्रा भर्ना भएकोमा १ जना शैक्षिक सुविधा विहीन विद्यार्थी रहेको देखिन्छ ।

दास्रो बर्षको छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र २०७७/०७८ मा १४ जना छात्रा भर्ना भएकोमा ६ जना विद्यार्थीहरुमात्र शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत, शैक्षिक सत्र ०७८/०७९ मा ५४ जना छात्रा भर्ना भएकोमा ५

जना र ०७९/०८० मा २३ जना छात्रा भर्ना भएकोमा २ जना शैक्षिक सुविधा विहीन विद्यार्थी रहेको विद्यार्थी शैक्षिक लाभ विहीन वर्गमा रहेको देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र २०७७/०७८ मा २२ जना छात्रा तृतीय वर्षमा भर्ना भएकोमा जम्मा २ जना, शैक्षिक सत्र ०७८/०७९ मा १४ जना छात्रा भर्ना भएकोमा ६ जना र ०७९/०८० मा २५ जना छात्रा भर्ना भएकोमा १ जना पनि शैक्षिक सुविधा विहीन विद्यार्थी नरहेको देखिन्छ ।

छात्रा र सुविधा विहीन वर्गको तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र ०७९/०८० देखी मात्र चौथो बर्षमा प्रवेश गरेको देखिन्छ जसमा १० जना छात्रा भर्ना भएकोमा १ जना शैक्षिक सुविधा विहीन विद्यार्थी रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा शैक्षिक सत्र शैक्षिक सत्र ०७७/०७८ मा स्नातक तहका १३ जना विद्यार्थीहरु शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेका, शैक्षिक सत्र ०७८/०७९ मा १३ जना र ०७९/०८० मा ४ जना विद्यार्थीहरु शैक्षिक लाभविहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

यस शैक्षिक वर्ष २०७९/०८० मा शैक्षिक सुविधा विहीन वर्गका विद्यार्थीहरुको जम्मा सङ्ख्या शिक्षाशास्त्रमा १८, व्यवस्थापन सङ्कायमा १० र मानविकी सङ्कायमा ५ जना गरी ३३ जना विद्यार्थीहरु शैक्षिक लाभ विहीन वर्ग अन्तर्गत रहेको देखिन्छ ।

यहाँ बसोबास गर्ने जनजातिहरु मध्ये शिक्षाको पूर्ण सुविधा ग्रहण गर्न नसकेका सूचीकृत जनजाति तथा दलितहरुमा तामाङ, सुनुवार, भोटे, खबास लगायत कामी, दमाइ, सार्की रहेका छन् । विशेषतः ताप्लेजुङमा बसोबास गर्ने शेर्पाहरु विशेषतः वालुङ र तोप्केगोला वर्गका हुन् तर उनीहरुको थरमा शेर्पा लेखिएको हुँदा यहाँ सुविधा विहीन वर्ग भित्र गणना गरिएको छैन । उनीहरुको थरमा शेर्पा मात्र लेखिन्छ तर वालुङ वा तोप्केगोला कहिँ देखिँदैन ।

## २.२ उत्तीर्ण दर विश्लेषण

यस क्याम्पसमा अध्ययन गर्ने स्नातक तहका विद्यार्थीहरुको उत्तीर्ण दर खासै सन्तोषजनक छैन । जति उत्तीर्ण गर्ने आशा राखिएको हुन्छ त्यो आशा पुरा हुन सकेको छैन । यहाँ कार्यक्रम गत आधारमा उत्तीर्ण दर छुट्टयाउने प्रयास गरिएको छ ।

**व्यवस्थापन संकाय**

| आ.व. | प्रथम वर्ष | द्वितीय वर्ष | तृतीय वर्ष | चतुर्थ वर्ष | जम्मा |
|---|---|---|---|---|---|
| ०७६/०७७ | ११ | ७ | ८ | १० | ३६ |
| ०७७/०७८ | ९ | १० | ९ | ७ | ३५ |
| ०७८/०७९ | २ | २ | ३ | ५ | १२ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा शै.व. ०७६/०७७ मा प्रथम वर्षमा ११ जना, द्वितीय वर्षमा ७ जना, तृतीय वर्षमा ८ जना र चतुर्थ वर्षमा १० जना गरी जम्मा ३६ जना विद्यार्थी व्यवस्थापन संकायमा उत्तीर्ण भएको देखिन्छ ।

यसैगरी शै.व. ०७७/०७८ मा प्रथम वर्षमा ९ जना, द्वितीय वर्षमा १० जना, तृतीय वर्षमा ९ जना र चतुर्थ वर्षमा ७ जना गरी जम्मा ३५ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

यसरी नै शै.व. ०७८/०७९ मा प्रथम वर्षमा २ जना, द्वितीय वर्षमा २ जना, तृतीय वर्षमा ३ जना र चतुर्थ वर्षमा ५ जना गरी जम्मा १२ जना विद्यार्थी व्यवस्थापन संकायमा उत्तीर्ण भएको देखिन्छ ।

**मानविकी सामाजिकशास्त्र संकाय**

| आ.व. | प्रथम वर्ष | द्वितीय वर्ष | तृतीय वर्ष | जम्मा |
|---|---|---|---|---|
| ०७६/०७७ | ९ | ११ | ७ | २७ |
| ०७७/०७८ | ११ | ८ | १० | २९ |
| ०७८/०७९ | १ | १५ | ८ | २४ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा शै.व. ०७६/०७७ मा प्रथम वर्षमा ९ जना, द्वितीय वर्षमा ११ जना, तृतीय वर्षमा ७ जना गरी जम्मा २७ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

यसरी नै शै.व. ०७७/०७८ मा प्रथम वर्षमा ११ जना, द्वितीय वर्षमा ८ जना, तृतीय वर्षमा १० जना गरी जम्मा २९ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

यसरी नै शै.व. ०७८/०७९ मा प्रथम वर्षमा १ जना, द्वितीय वर्षमा १५ जना, तृतीय वर्षमा ८ जना गरी जम्मा २४ जना विद्यार्थी मानवीकी तथा सामाजिकशास्त्र संकायमा उत्तीर्ण भएको देखिन्छ । उक्त तथ्याङ्कका अनुसार विद्यार्थी उत्तीर्ण दर केही निम्न नै रहेको प्रष्ट हुन्छ ।

**शिक्षाशास्त्र संकाय**

| आ.व. | प्रथम वर्ष | द्वितीय वर्ष | तृतीय वर्ष | तृतीय वर्ष | जम्मा |
|---|---|---|---|---|---|
| ०७६/०७७ | ३७ | ३३ | १३ | ९ | ९२ |
| ०७७/०७८ | ३१ | ३५ | १९ | २१ | १०६ |
| ०७८/०७९ | १० | ५१ | २७ | ३३ | १२१ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

प्रस्तुत तथ्याङ्कको आधारमा तीन वर्षको अवधिभित्र शै.व. ०७६/०७७ मा प्रथम वर्षमा ३७ जना, द्वितीय वर्षमा ३३ जना, तृतीय वर्षमा १३ जना र चतुर्थ वर्षमा ९ जना गरी जम्मा ९२ जना विद्यार्थी शिक्षाशास्त्र संकायमा उत्तीर्ण भएको देखिन्छ ।

यसैगरी शै.व. . ०७७/०७८ मा प्रथम वर्षमा ३१ जना, द्वितीय वर्षमा ३५ जना, तृतीय वर्षमा १९ जना र चतुर्थ वर्षमा २१ जना गरी जम्मा १०६ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

यसरी नै शै.व. ०७८/०७९ मा प्रथम वर्षमा १० जना, द्वितीय वर्षमा ५१ जना, तृतीय वर्षमा २७ जना र चतुर्थ वर्षमा ३३ जना गरी जम्मा १२१ जना विद्यार्थी शिक्षाशास्त्र संकायमा उत्तीर्ण भएको देखिन्छ ।

## २.३ स्नातक तह विश्लेषण

यस पाथीभरा बहुमुखी क्याम्पसले स्नातक तह संचालन गरेको एक दशक भईसकेको छ । यस एक दशक अवधिमा ठूलो मात्रमा विद्यार्थीहरु स्नातक तह उतिर्ण गरिसकेका छन् । यहाँबाट उत्पादित जनशक्ति स्थानीय बजारमा खपत भईसकेका छन् । त्यस प्रतिवेदनमा शैक्षिक वर्ष २०२० देखि २०२२ सम्म जम्मा ३ वर्षको यस क्याम्पसबाट स्नातक तहको योग्यता ग्रहण गर्न सफल विद्यार्थीको तथ्याङ्क विश्लेषण निम्नानुसार गरिएको छ ।

**क) कार्यक्रमगत स्नातक विश्लेषण**

| सन् | व्यवस्थापन | मानविकी | शिक्षा | जम्मा |
|---|---|---|---|---|
| २०२० | ८ | ९ | ३१ | ४८ |
| २०२१ | ११ | ८ | २८ | ४७ |
| २०२२ | ८ | ७ | १९ | ३४ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

माथिको तालिकाबाट हेर्दा तीनै वर्षको अवधिमा व्यवस्थापनबाट २७ जना, मानविकीबाट २४ जना र शिक्षाशास्त्र सङ्कायबाट ७८ जना गरी जम्मा १२९ जना विद्यार्थीहरु स्नातक तह पार गरिसकेको देखिन्छ । जसमध्ये शिक्षाशास्त्रबाट सबैभन्दा बढी स्नातक र मानविकीमा सबैभन्दा कम स्नातक उत्पादन भएको देखिन्छ । त्यसमा पनि सन्् २०२० मा ४८ जना, सन् २०२१ मा ४७ जना र सन् २०२२ मा ३४ जना, विद्यार्थीहरुले स्नातकोपाधि हासिल गरेका छन् ।

## २.४ कार्यक्रमहरु

उच्च शिक्षाको अवसर सम्पूर्ण जिल्लाबासीहरुलाई उपलब्ध गराउने अभिप्रायका साथ वि.सं. २०४७ साल देखि प्रविणता प्रमाण-पत्र तहको प्रथम वर्ष सुरु भएकोमा वि.सं. २०५९ साल देखि स्नातक तह अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र

अध्ययन संकायको अनुमति २०६२ सालमा स्नातक तहको शिक्षाशास्त्र संकायको सम्बन्धन प्राप्त भई अध्यापन प्रारम्भ भएको हो । वि.सं. २०६६ देखि स्नातक तहको व्यवस्थापन संकाय तर्फको कक्षाहरु समेत संचालन भएको छ । यसैगरी स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली र शैक्षिक योजना तथा व्यवस्थापन विषय सञ्चालनको अनुमति २०७५ पुस २९ गते प्राप्त गरी कक्षा सञ्चालन भएको छ ।

त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त संचालित कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सम्बन्धन मिति |
|---|---|---|
| १ | प्रविणता प्रमाण-पत्र | खारेजी भइसकेको |
| २ | स्नातक शिक्षा | २०६२/०५/१६ |
| ३ | स्नातक मानविकी | २०५९/०३/२१ |
| ४ | स्नातक व्यवस्थापन | २०६६/०६/०१ |
| ५ | स्नातकोत्तर (शिक्षा) | २०७५/०९/२९ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

विश्वविद्यालय अनुदान आयोगद्वारा संचालित विविध कार्यक्रमहरु

| क्र.सं. | कायक्रम | अवधि | कैफियत |
|---|---|---|---|
| १ | Scheme D | 2011-2014 | सम्पन्न |
| २ | HERP | 2017-2020 | सम्पन्न |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

## २.५ शैक्षणिक विधि

शैक्षिक संस्थाहरुले संख्यात्मक रुपमा विद्यार्थीको मात्रा बढाउनुले मात्र खासै सार्थकता राख्दैन । समयोचित शिक्षणको विधिहरुको प्रयोगले शिक्षण प्रभावकारी बन्न सक्छ र उपलब्धी पनि हाई हुन सक्छ । यसै सन्दर्भमा शिक्षणका विश्वव्यापी मान्यताहरु हिजो भन्दा आज फरक बन्दै गएको छ । यस क्याम्पसले शिक्षणको विधिमा

उल्लेख्य प्रगति गर्न सकेको छैन । शिक्षणका आधुनिक प्रविधिहरु प्रयोग गर्न सकेको छैन । सूचना र प्रविधिसँग परिचित गराउन सकेको छैन । कमसेकम ल्यापटप र प्रोजेक्टरको प्रयोग गर्न सक्ने गरी अध्यापकहरुको क्षमता बृद्धि गर्न सके शैक्षिक गुणस्तर बृछि हुन सक्छ । हाल क्याम्पसका आध्यापकद्वारा प्रयोगमा ल्याएका शैक्षिणक विधिहरु निम्नानुसार छन् -

१. व्याख्यान विधि
२. छलफल/प्रश्नोत्तर विधि
३. अन्वेषण, अनुसन्धान, खोज विधि
४. क्षेत्र भ्रमण विधि
५. परियोजना विधि
६. प्रयोगात्मक विधि
७. आगमनात्मक विधि
८. निगमनात्मक विधि
९. प्रविधियुक्त कक्षा
१०. सिर्जनात्मक कार्य
११. समस्या समाधान विधि
१२. स्वाध्ययन
१३. प्रदर्शन विधि
१४. अन्तरक्रिया

यसरी सहभागितामुलक विधिहरुलाई प्राथमिकताका साथ कक्षा शिक्षणमा प्रयोग गर्ने गरेको पाइन्छ ।

(३)

# भौतिक प्रगति

शिक्षण संस्थालाई व्यवस्थित रुपमा संचालन गर्न भौतिक स्रोत साधनको उचित व्यवस्थापन भएको हुनुपर्दछ । हाल यस क्याम्पसको नाममा १४-८-३-० क्षेत्रफल जमीन छ । सो जमीन भित्र कक्षाकोठाहरु, कार्यालय, पुस्तकालय आदिको व्यवस्थापन गरिएको छ । तिनीहरुको विवरण यस प्रकारको छ ।

## ३.१ पूर्वाधार विकास

उच्च शिक्षा अध्ययन गर्न आएका विद्यार्थीहरुलाई सुविधा सम्पन्न बसाईमा अध्ययन गर्नु क्याम्पसको दायित्व हो । तर यो कार्य त्यति सजिलो छैन क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा करौडौं रुपैयाँ खर्च भइसकेको छ । स्थानीय लगानी अनुदान आयोग, स्थानीय निकाय र शिक्षा प्रेमी समाजसेवीको सहयोगमा भौतिक पूर्वाधार निर्माण गरिएको छ हालसम्म निर्मित पूर्वाधारहरु यसप्रकार छन् ।

**भवन तर्फ**

| क्र.सं. | विवरण | सहयोग | कैफियत |
|---|---|---|---|
| १ | भवन (१० कोठे) | HPF र क्याम्पस | निर्माणाधिन |
| २ | पुरानो लाइब्रेरी भवन (४ कोठे) | UGC र क्याम्पस | |
| ३ | दुईतले कच्ची भवन (४ कोठे) | जि.वि.स | |
| ४ | ५ कोठे २ तले भवन (१० कोठा) | नगरपालिका र UGC | |
| ५ | ५ कोठे भवन (कच्ची) | आन्तरिक | |
| ६ | ३ कोठे २ तले पक्की भवन | जि.वि.स र UGC | |
| ७ | २ कोठे २ तले पक्की भवन | UGC | |
| ८ | क्यान्टिन | UGC + | |
| ९ | शौचालय (छात्र) | आन्तरिक | |
| १० | शौचालय (छात्रा) | आन्तरिक | |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

**खेलमैदान**

| क्र.सं. | विवरण | सहयोग | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | ठूलो खेलमैदान | आन्तरिक + UGC | | |
| २ | सानो मैदान | आन्तरिक | २०५१ | |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

ख) गेट कम्पाउण्डः- पूर्व र उत्तरमा दुवै तर्फ गेट निर्माण गरिएको छ । ठूलो मैदान निर्माणमा ठूलो पर्खाल लगाइएको छ । उक्त पर्खालको उचाई अत्याधिक अग्लो भएकोले बारम्बार भत्कने समस्या आउने गरेको छ । विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगबाट क्याम्पस हाताभित्र सुरक्षा प्रबन्ध राम्रो भएको छ ।

ग) खानेपानीः- फु.न.पा ५ उकालीपानीमा मुल भई करिब ४०० मिटर टाढाबाट यस क्याम्पसमा स्थायी खानेपानीको व्यवस्था गरिएको छ । दुई वटा पक्की धाराको निर्माण गरी विद्यार्थीहरुलाई पानीको सहज आपूर्तीको व्यवस्था गरिएको छ । यसको अलावा बृहत खानेपानी आयोजनाबाट समेत मिटर जडित पानीको व्यवस्था गरिएको छ ।

## ३.२ शैक्षिक सहयोग

यो समय प्रतिस्पर्धाको समय हो । संघर्षको समय हो । हरेक व्यक्ति जीविकोपार्जनका लागि संघर्ष गर्दछ । स्वच्छिक रुपमा समय लगानी गर्ने श्रम लगानी गर्ने मानिस यस जिल्लामा खासै छैनन् । विद्यार्थीलाई लगाइएको शुल्कबाट नै निकै महत्वपूर्ण कार्यहरु भइरहेका छन् । श्रमदानमा पढाउने, भवन बनाउने व्यक्तिगत दाताहरु यहाँ छैनन् । बरु संस्थागत रुपमा पाएको सहयोग नै क्याम्पसको मुख्य सहयोग हो । स्थानीय निकाय बाहेक विश्वविद्यालय अनुदान आयोगको सहयोग मुख्य सहयोग मान्नु पर्दछ । जसमा प्राप्त सहयोग विवरण यस प्रकार छन् ।

### ३.२.१.सूचना तथा प्रविधि (ICT)

सूचना तथा प्रविधिको विकासमा सूचना तथा प्रविधिले ठूलो फड्को मारेको छ । सूचना प्रविधिको विश्व सञ्जालको प्रयोग गरी मानिसहरुले निकै ठूलो लाभ लिएका छन् । हाल यस क्याम्पसमा १ थान डेक्सटप कम्प्युटर, ४ थान ल्यापटप, १ प्रोजेक्टर साथमा १ थान प्रिन्टर र फोटोकपी, फ्याक्स पहिले नै जडान भइ सकेकोमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सूचना र प्रविधि विकास शीर्षक अन्तर्गत हाल ६ थान ल्यापटप, २ थान डेक्सटप, १ थान प्रोजेक्टर, ४ थान सिसिक्यामरा सहितको डिस्प्ले सेट समेत जडान गरिएको छ । त्यसैगरी फ्टवेयरको अलावा एडिएसएलको सुविधा समेत क्याम्पसले लिएको छ । त्यसैगरि यसको प्रयोगले नयाँ सूचनाको पहुँच विकास भएको तथ्यलाई नकार्न सकिँदैन ।

### ३.२.२. उपकरणहरु

| क्र. सं. | विवरण | सहयोग | कैफियत |
|---|---|---|---|
| १ | OHP (3 ps) | UGC+सामाजिक विकास मन्त्रालय | |
| २ | Laptop (6 ps) | UGC+सामाजिक विकास मन्त्रालय | |
| ३ | Computer Desktop (3 ps) | व्यक्ति +सामाजिक विकास मन्त्रालय | |
| ४ | Printer (3 ps) | UGC+आन्तरीक स्रोत | |
| ५ | CC camera (8 ps) | सामाजिक विकास मन्त्रालय | |
| ६ | Card Printer (1 ps) | UGC | |
| ७ | Solar plate (8 ps) 2 kw | बैकल्पिक उर्जा | |
| ८ | Monitor | UGC | |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

### ३.२.३. किताव, सन्दर्भ सामग्री र जर्नल्स

क्याम्पसमा पुस्तकालयको पनि सामान्य प्रबन्ध छ । विहान ४ घण्टा क्याम्पस समयमा पुस्तकालय खुल्ने व्यवस्था मिलाइएको छ । यस क्याम्पसको पुस्तकालयमा विभिन्न भाषाका पुस्तकको संख्या निम्नानुसार रहेका छन् ।

| सि.नं. | विवरण | संख्या | दाता |
|---|---|---|---|
| १ | पुस्तक | ७१६८ | विश्वविद्यालय अनुदान आयोग, संसद विकास कोष र आन्तरिक स्रोतबाट |
| २ | सन्दर्भ सामग्री | ८३२ | |
| ३ | जर्नल्स | ९२ | |
| | जम्मा | ८०९२ | |

स्रोतः पाथीभरा बहुमुखी क्याम्पस

### ३.२.४. फर्निचर

विद्यार्थीका लागि डेक्सवेञ्च, शिक्षकका लागि कुर्सी, सोफा आराम चेयर, टी टेबल, टेवल, दराज जस्ता सामग्रीलाई फर्निचर अन्तर्गत राखिएको छ । जसको विवरण तल दिइएको छ ।

| क.सं. | विवरण | संख्या | दाता |
|---|---|---|---|
| १ | डेक्स बेन्च | ४७५ जोर | आन्तरिक |
| २ | प्लास्टिक कुर्सी | ३० | आन्तरिक |
| ३ | आराम कुर्सी | १८ | UGC |
| ४ | सोफा सेट | ५ | UGC |
| ५ | स्टिल दराज | ७ | आन्तरिक+UGC |
| ६ | दराज (काठ) | ३ | आन्तरिक+UGC |
| ७ | टेवल | १० | आन्तरिक |
| ८ | टि टेवल | ६ | आन्तरिक |

| | | | |
|---|---|---|---|
| ९ | २४ कोठे र्‍याक | १ | आन्तरिक+UGC |
| १० | घुम्ने कुर्सी | ५ | आन्तरिक |
| ११ | खाट | १ | आन्तरिक |
| १२ | कम्प्युटर टेबल | २ | आन्तरिक+UGC |
| १३ | र्‍याक सहितको टेबल | ८ | आन्तरिक+UGC |
| १४ | प्रिन्टर | ३ | आन्तरिक+UGC |
| १५ | ह्वाइट बोर्ड | १५ | आन्तरिक+UGC |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

(४)

## वित्तीय/आर्थिक प्रगति

यस क्याम्पसमा वर्तमान समयमा आम्दानी खर्च दुवैको मात्रा बढेको दखिन्छ । जसमा विश्वविद्यालय अनुदान आयोगले वार्षिक रुपमा प्रदान गर्ने नियमित अनुदान स्नातकोत्तर कक्षा सञ्चालन भए पश्चात अलि वृद्धि भएको छ । आ.व. २०७८/०७९ २०,४५,३०० रुपैयाँ नियमित अनुदान प्रदान गरेको देखिन्छ भने आ..व. २०७९/०८० २१,७०,००० रुपैयाँ नियमित अनुदान प्रदान गरेको देखिन्छ । विद्यार्थीहरुलाई भर्ना वापत २५००।- मासिक शुल्क ५००।- परीक्षा शुल्क ९५०।- र पुस्तकालय शुल्क ३००।- लिने गरिएको छ । विश्वविद्यालय अनुदान आयोग चालु परियोजना मार्फत प्राप्त भएको रकमबाट विभिन्न शीर्षकमा आम्दानी प्राप्त हुँदा आय र व्ययको आकार वृद्धि भएको देखिएको छ । विगत ३ वर्ष देखिको कुल आय,अध्यापक तथा कर्मचारी र अन्य खर्च सहितको विवरण तल तालिकामा देखाइएको छ ।

### ४.१ पछिल्ला वर्षहरुमा भएको आय र व्यय

| आ.व. | कुल आय | त.भ खर्च | सञ्चालन खर्च | निर्माण | शैक्षिक क्रियाकलाप | बचत |
|---|---|---|---|---|---|---|
| ०७७/०७८ | १,१९,४९,१८०।- | ६९,५८,७७२।- | ८,६५,२०६।- | २१,०४,५६६।- | १७,२२,०८५।- | २,९८,५५१।- |
| ०७८/०७९ | १,७९,८४,३३५ | ७५,४४,७४५ | | ४,८७,८१३ | | ४५,३६,९७७ |
| ०७९/०८० | ३,१५,७८,३३४ | ८४,०३,२७५ | | १,७२,३०० | ३,०२,९०० | ।,७९,७०,१३२ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

तीन बर्षको अवधिमा आ.व. २०७७/०७८ मा सबै भन्दा कम आय प्राप्त भएको देखिन्छ । यस आ.व. ०७८/०७९ मा कुल आय १७९८४३३५।- रहेकोमा अध्यापक तथा कर्मचारीको तलव भत्तामा ७५४४७४५।-, क्याम्पस सञ्चालन खर्च ८,६५,२०६।-।, साना ठूला निर्माण तर्फ २१,०४,५६६।, शैक्षिक क्रियाकलाप अन्तर्गत १७२२०८५। र रु २९८५५१॥

बचत भएको देखिन्छ। यसैगरी आ.व. ०७९/००८ मा कुल आय ३,१५,७८,३३४।- रहेकोमा अध्यापक तथा कर्मचारीको तलव भत्तामा ८४,०३,२७५।-, साना ठूला निर्माण तर्फ १,७२,३००।, शैक्षिक क्रियाकलाप अन्तर्गत ३,०२,९००। र रु १,७९,७०,१३२। बचत भएको देखिन्छ आय बढी हुनुका साथै विगत वर्षहरुमा भन्दा यस वर्ष क्याम्पसको आर्थिक तथा वित्तीय प्रगति त्यति राम्रो देखिन्छ।

### ४.१.१. आन्तरिक स्रोत

मूलभूत रुपमा यस पाथीभरा बहुमुखी क्याम्पस ताप्लेजुङलाई प्राप्त हुने आयका मुख्य स्रोतहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

- ❖ विद्यार्थी शुल्क (मासिक) रु. ५००।-
- ❖ परीक्षा शुल्क रु. ९५०।-
- ❖ भर्ना शुल्क रु. २५००।-
- ❖ पुस्तकालय रु. ३००।-

### ४.१.२. सरकारी स्रोत

सरकारबाट प्राप्त भएका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त हुने आयका स्रोतहरुलाई सरकारी स्रोत भनिन्छ। जस अन्तर्गत निम्नानुसारको स्रोत प्राप्त हुने गरेको छ।

**UGC (विश्वविशललय अनुदान आयोग)**

नियमित -२१,७०,०००।-

**अन्य सरकारी निकाय**

फुङ्लिङ नगरपालिका बाट -१४,७१,२३६।-

### ४.१.३. अन्य स्रोत

| | |
|---|---|
| चन्दा, दान | -प्राप्त नभएको |
| सहयोग | -गाउँपालिकाबाट प्राप्त भएको |
| गै.स.स. | -प्राप्त नभएको |

## (५)

# तीन वर्षको खर्च विश्लेषण

यो क्याम्पस गैर नाफामूलक संस्था हो । यस क्याम्पसमा नाफाको वितरण हिस्सेदारहरुलाई गर्नु पर्दैन । प्राप्त आम्दानी र सो आम्दानी खर्च गर्ने निश्चित पद्धति छ । प्रचलित खर्चको सिद्धान्त अनुसार खर्च गर्ने गरिन्छ ।

| आ.व. | त.भ. | सञ्चालन खर्च अन्य | मूख्य निर्माण | शैक्षिक क्रियाकलाप | छपाई/ स्मारीका | किताब/ ICT |
|---|---|---|---|---|---|---|
| ०७७/०७८ | ६९,५८,७७२।- | ८,६५,२०६।- | २१,०४,५६६।- | १२७८८३५।- | | ४,४३,२५०।- |
| ०७८/०७९ | १७९८४३३५।- | ७५४४७४५।- | | ४८७८१३।- | | ४५,३६,९७।- |
| ०७९/०८० | ८४,०३,२७५ | | १,७२,३०० | ३,०२,९०० | ३,००,००० | ,४६,८०८.६७ |

स्रोत : पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ

### ५.१. नियमित खर्च

### ५.१.१. तलव तथा भत्ता

यस क्याम्पसको नियमित खर्च अन्तर्गत तलव, भत्ता पर्दछ । तलव भत्ता वापत आ.व. ०७७/०७८ मा तलव भत्ता वापतको खर्च ६६,८४,८७५।- खर्च देखिन्छ । आ.व. ०७८/०७९ मा तलव भत्ता वापतको खर्च ७५,४४,७४५।- खर्च देखिन्छ र आ.व. ०७९/०८० मा तलव भत्ता वापतको खर्च ८४,०३,२७५।- खर्च देखिन्छ विगतका वर्षहरुमा हुने गरेको खर्चको समतुल्य रहेको छ । स्नातकोत्तर तहको अध्यापन कार्यमा प्राध्यापकहरु थप गर्नु परेकोले अघिल्लो वर्षबाट यस शीर्षकमा व्यय अधिक देखिन गएको हो ।

### ५.१.२ अन्य खर्च

यस क्याम्पसको नियमित खर्च अन्तर्गत परीक्षा, अतिथि सत्कार, मसलन्द लगायतका खर्चहरु पर्दछन् । अघिल्लो आ.व. २०७७/०७८ को त.भ  र निर्माण

बाहेकको खर्च रु २५,८७,२९०।- रहेको देखिन्छ। यस आ.व. २०७९/०८० को त.भ र निर्माण बाहेकको खर्च रु ४७,३९,१७६।- रहेको देखिन्छ।

### ५.२. पूँजीगत खर्च

### ५.२.१ मुख्य पूर्वाधार विकास

यस क्याम्पसको भवन निर्माण, शौचालय निर्माण, खेलमैदान निर्माण, जस्ता भौतिक पूर्वाधार तर्फ भएका खर्चहरु यस अन्तर्गत राखिन्छ। यस्ता खर्च अन्तर्गत पछिल्ला तीन वर्षहरु मध्ये पहिलो वर्ष ठूलो निर्माण कार्य गरिएको छैन। दोस्रा आ.व.मा यस क्याम्पसमा मूख्य निर्माणमा निकै ठूलो खर्च भएको देखिन्छ। भौतिक निर्माण तथा पूर्वाधार विकासका सिलसिलामा भवन निर्माणमा झण्डै ७५०२८८ खर्च भएको छ। यसैगरी यस आ.व. ०७७/०७८ को मूख्य निर्माण अन्तर्गत २०,७५,५५६।- रुपैया खर्च भएको देखिन्छ। यसैगरि आ.व. ०७८/०७९ को मूख्य निर्माण अन्तर्गत उल्लेखनीय कार्य खासै भएको देखिदैन। यसैगरि आ.व. ०७९/०८० को मूख्य निर्माण अन्तर्गत HCF सहयोगमा १० कोठे दुईतले भवन निर्माण भईरहेको त्यसैले अघिल्लो वर्षको तुलनामा यस वर्षको मुख्य निर्माण तर्फको खर्च बढी रहेको छ।

### ५.२.२ सामान्य पूर्वाधार विकास

यस क्याम्पसको भवन निर्माण, शौचालय निर्माण, खेलमैदान निर्माण, जस्ता भौतिक पूर्वाधार तर्फ मर्मत सम्भारमा भएका खर्चहरु यस अन्तर्गत राखिन्छ। यस्ता खर्च यस आ.व. ०७७/०७८ मा सामान्य खर्च अन्तर्गत पुस्तकालय व्यवस्थापनमा ४४३२५०।- खर्च देखिन्छ। यसैगरि आ.व. ०७९/०८० मा मर्मत सम्भारमा १,०७,३०० ।- खर्च देखिन्छ

### ५.२.३. मेसिनरी औजार

आ.व. ०७७/०७८ मा सामान्य खर्च अन्तर्गत सि.सि. क्यामेरा थप गर्ने कार्य अन्तर्गत रु २९,०१० मात्र खर्च भएको देखिन्छ। यसैगरी यस आ.व. ०७९/०८० मा प्रिन्टर एक थान रु ३७,४५० खरिद भएको देखिन्छ

### ५.२.४ पुस्तक खरिद

पाथीभरा बहुमुखी क्याम्पस उच्च शिक्षा प्रदान गर्ने हेतुले सञ्चालनमा आएको हो । त्यसैले शिक्षा प्रदान गर्न आवश्यक पर्ने पुस्तकहरु निरन्तर थप नगरेको अवस्थामा अध्ययन अध्यापन कार्य अधुरो रहन्छ । त्यसैले क्याम्पसमा आवश्यक पुस्तकको खरिदमा वर्षेनि सानो ठूलो खर्च भइ रहन्छ । आ.व. ०७७/०७८ मा पुस्तक खरिदमा रु २,७५० मात्र खर्च देखिन्छ । भने आ.व. ०७८/०७९ मा पुस्तक खरिदमा रु ४९,६१५ मात्र खर्च देखिन्छ ।  त्यसौगरी आ.व. ०७९/०८० मा पुस्तक खरिदमा रु ३६,३५८ मात्र खर्च देखिन्छ ।

## लेखापरीक्षण अवलोकन/ कमजोरी विश्लेषण तथा सुधारका उपाय

### ६.१ लेखापरीक्षण अवलोकन/ कमजोरी विश्लेषण तथा सुधारका उपाय

यस क्याम्पसको आ.व. २०७९/०८० को लेखापरीक्षण नेपाल लेखामानको सर्वमान्य सिद्धान्त, संशोधित विद्यमान आयकर ऐन, नियमावली, शिक्षा ऐन नियमावली र आर्थिक ऐन तथा कार्यविधि, लेखापरीक्षण निर्देशिका, नेपाल चार्टर्ड एकाउन्टेन ऐन अन्तर्गतका नीति र निर्देशनसँग सम्बन्धित रही, वित्तीय प्रतिवेदनका तत्त्वहरु संलग्न गरी डि.भट्टराई एण्ड एसोसिएट्सद्वारा तयार पारिएको लेखापरीक्षणको स्थिति निम्नानुसार रहेको पाइयो ।

आ.व. २०७९/०८० को

### आम्दानी खर्च विवरण

| क.स | आम्दानी विवरण | रकम रु | क.स | खर्च विवरण | रकम रु |
|---|---|---|---|---|---|
| | **सरकारी आम्दानी** | | | **खर्चका शिर्षहकरु** | |
| १ | विश्व विद्यालय अनुदान आयोग (नियमित अनुदान) | २,१७०,०००.०० | १ | तलब भत्ता पर्व खर्च सहित | ८,३२७,५०७.७६ |
| २ | नगरपालिका अनुदान | १,४७१,२३६.०० | २ | कर्मचारी सञ्चय कोष | - |
| ३ | त्रि.वि.प.नि.का परीक्षा खर्च आम्दानी | २५४,२७१.०० | ३ | सामाजिक सुरक्षा | ७५,७६८.३३ |
| | | | ४ | **प्रशासनिक खर्च** | |
| | | | ५ | मसलन्द तथा स्टेसनरी खर्च | ५६,१७०.०० |
| | **जम्मा (क)** | **३,८९५,५०७.००** | ६ | परियोजना प्रस्ताव खर्च | ३६,०००.०० |
| | **दातृ संस्था बाट अनुदान निकासा** | | ७ | पुस्तक खरिद | ३६,३५८.०० |
| ४ | एच.पि.एफ बाट प्राप्त भवन निर्माण | ५,१०२,०००.०० | ८ | पुरानो भवन भत्काउने खर्च | २५५,०००.०० |
| | | | ९ | परीक्षा सञ्चालन खर्च | ३५६,९३३.०० |
| | **जम्मा (ख)** | **५,१०२,०००.००** | १० | त्रि.वि. परिक्षा शूल्क खर्च | ९५७,७२०.०० |
| | **आन्तरिक आम्दानी** | | ११ | क्याम्पस नविकरण खर्च | १२०,०००.०० |
| ५ | भर्ना शुल्क | १,४९२,०००.०० | १२ | पानी विजुली महशुल खर्च | २१,४८०.०० |
| ६ | परीक्षा शुल्क | १,५४८,०००.०० | १३ | सूचना तथा विज्ञानप खर्च | १०,०००.०० |
| ७ | मासिक पढाई शुल्क | | १४ | खेलकुद सामाग्री खरिद | १९,५६५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३,६२०,०००.०० | | | |
| ८ | रजिष्ट्रेसन शुल्क | १५६,०००.०० | १५ | सामाजिक लेखापरीक्षण खर्च | ४५,९५०.०० |
| ९ | सरस्वती पुजा शुल्क | ९४,४००.०० | १६ | अभ्यास शिक्षण खर्च | २६६,९००.०० |
| १० | पुस्तकालय शुल्क | १७२,८००.०० | १७ | उपकरण मर्मत खर्च | २३०००.०० |
| ११ | आवेदन फारम शुल्क | ३१,२००.०० | १८ | पर्यवेक्षक शुल्क | ६७६९०.०० |
| १२ | प्रयोगात्मक शुल्क | ४१०,८७५.०० | १९ | अतिरिक्त क्रियाकलाप खर्च ( स्ववियू) | १११८७०.०० |
| १३ | स्व.वि.यू. शुल्क | ३१,२००.०० | २० | प्रयोगात्मक परीक्षा खर्च | २९३९४०.०० |
| १४ | त्रि.वि शुल्क | १५४,२५०.०० | २१ | दैनिक भ्रमण तथा यातायात खर्च | १७५७६५.०० |
| १५ | फर्निचर शुल्क | २०,८००.०० | २२ | इन्टरनेट र टेलिफोन शुल्क | १४३००.०० |
| १६ | खेलकुद शुल्क | ३१,२००.०० | २३ | उपदान तथा संचित विदा खर्च | ७६३२२०.०० |
| १७ | हर्जना शुल्क | २९,०२५.०० | २४ | रजिष्ट्रेसन शुल्क | ९२५००.०० |
| १८ | बैक व्याज | ६१२,१३४.०० | २५ | अतिथि सत्कार तथा उपहार खर्च | ३८४६८.५१ |
| १९ | विनियोजन शुल्क फिर्ता प्राप्त | ५९,५००.०० | २६ | बैक व्याज कर | ९०४१०.६७ |
| २० | स्नातकोत्तर शुल्क | १,६९०,५००.०० | २७ | दाता सम्मान कार्यक्रम खर्च | ४६४५०.०० |
| २१ | अभ्यास शिक्षण शूल्क | ९६,४००.०० | २८ | NEHEP कागजात तयारी खर्च | ३४०००.०० |
| २२ | चारित्रिक प्रमाण पत्र वाट | ५३,०००.०० | २९ | वि.वि.अनुदान आयोग प्रतिवेदन तयारी | १२५०००.०० |
| २३ | विविध आम्दानी | २२,७८७.९५ | ३० | पब्लिक क्याम्पस नविकरण | ९०००.०० |
| | | | ३१ | छात्रवृत्ति वितरण | ६००००.०० |
| | | | ३२ | ID कार्ड खरिद | ३६०००.०० |
| | | | ३३ | QAA कागजात तयारी | ८२०००.०० |
| | | | ३४ | सफ्ट्वेर नविकरण खर्च | ५००००.०० |
| | | | ३५ | खाना खाजा खर्च | ५५३४५.०० |
| | | | ३६ | स्व.वि.यु. निर्वाचन खर्च | २४७०८५.०० |
| | **जम्मा (ग)** | १०,३२६,०७१.९५ | ३७ | साइनवोर्ड तथा शिला लेख | २६५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३८ | प्राध्यापक संघ अधिवेशन खर्च | १९९०५.०० |
| | | | ३९ | कार्पेट खरिद | २०६५०.०० |
| | **गत वर्षको मौज्दात** | | ४० | क्याम्पस दर्पण प्रकाशन ( स्मारीका) | ३०००००.०० |
| २४ | नेपाल बैंक लि. | ३,४३४,५४६.०० | ४१ | | |
| २५ | नेपाल बैक मुद्दती | ३,७९९.५० | ४२ | **पुजिगत खर्च** | |
| २६ | नेपाल बैंक लि. | ६५०,०००.०० | ४३ | प्रिन्टर खरिद | ३७,४५०.६७ |
| २७ | राष्ट्रिय वाणिज्य बैंक | २,३८०,०००.०० | ४४ | फनिचर निमार्ण | |
| २८ | नेपाल बैंक मुद्दती पुराण | ५,०००,०००.०० | ४५ | पर्खाल निर्माण खर्च | १०७,३००.०० |
| २९ | ग्लोवल बैंक आइ.एम.ई ताप्लेजुङ | ६८,०७६.५८ | ४६ | निर्माणाधिन भवन खर्च ( HPF) | ६५,०००.०० |
| ३० | गंगामाया दाहाल छात्रवृत्ति स्मृतीकोष | १११,१११.०० | ४७ | **गतको भुक्तानी दिएको** | |
| ३१ | लक्ष्मी प्रसाद पौडेल छात्रवृत्ति स्मृतीकोष | २०२,२२२.०० | ४८ | गतको लेखापरिक्षण | ३०,०००.०० |
| ३२ | स्व.भगिमान-मनमाया-देउमाया गुरुङ अक्ष्यकोष | ३०५,०००.०० | ४९ | **चालु वर्षको मौज्दात** | |
| | **जम्मा मौज्दात (घ)** | **१२,१५४,७५५.०८** | ५० | नेपाल बैंक लि. | ७,०७९,८९७.०६ |
| ३३ | **लगानी असुली** | | ५१ | नेपाल बैक मुद्दती | ३,७९९.५० |
| ३४ | गतको पेश्की असुली | १००,०००.०० | ५२ | नेपाल बैंक लि. | ६५०,०००.०० |
| ३५ | गतको पेश्की असुली | | ५३ | राष्ट्रिय वाणिज्य बैंक | ४,५५०,०२५.९५ |
| ३६ | **जम्मा मौज्दात (ङ)** | १००,०००.०० | ५४ | नेपाल बैंक मुद्दती पुराण | ५,०००,०००.०० |
| ३७ | **भुक्तानी दिन बाकी** | | ५५ | ग्लोवल बैंक आइ.एम.ई ताप्लेजुङ | ६८,०७६.५८ |
| ३८ | लेखापरीक्षण शुल्क | | ५६ | गंगामाया दाहाल छात्रवृत्ति स्मृतीकोष | १११,१११.०० |
| ३९ | क्याम्पस दर्पण | | ५७ | लक्ष्मी प्रसाद पौडेल छात्रवृत्ति स्मृतीकोष | २०२,२२२ |
| | | | ५८ | स्व.भगिमान-मनमाया-देउमाया गुरुङ अक्ष्यकोष | ३०५,०००.०० |
| | **जम्मा (च)** | - | ५९ | **जम्मा** | **३१,५७८,३३४.०३** |
| | | | ६३ | | |
| | **जम्मा (क+ख+ग+घ+ङ+च)** | **३१,५७८,३३४.०३** | | | |

प्रस्तुत आय व्ययका आधारमा यस क्याम्पसमा विभिन्न शीर्षकमा यस वर्ष जम्मा रुं  १,९३,२३,५७८।- आम्दानी भएको र सो आम्दानीबाट विभिन्न शीर्षकमा खर्च रु १,३५,७८,३३४।- भई बचत रकम १,७९,७०,१३२।- भएको देखिन्छ ।

यस वर्ष लेखापरीक्षकबाट ले.प.मा सकारात्मक टिप्पणी प्राप्त भएको थियो । डि.भट्टराई एण्ड एसोसिएट्सद्वारा गरेको टिप्पणीमा प्रचलित ऐन, कानुन र सर्वमान्य सिद्धान्तको अधिनमा रहेर ले.प. गरिएको उल्लेख थियो । क्याम्पसको सामाजिक परीक्षण समयमा नै सम्पन्न भएको, सोधनी भएका कुराहरुको जवाफ समयमा पाइएको, लेखाको प्रचलित मान अनुसारनै लेखा राखेको उल्लेख थियो ।

प्रतिवेदनमा वेरुजु फस्यौंट र पेश्की पर्स्यौट गर्ने गरेको, कसै जिम्वेवारी नरहेको, कल्याणकारी कोष नियमित गर्ने गरेको समेत उल्लेख रहेको थियो । शिक्षण सुधारमा प्राप्त भएको रकम क्याम्पसले व्यहोर्नु पर्ने रकम समेत व्यहोर गरी खर्च गरेको भनी उल्लेख छ । नियमानुसार सञ्चालक समिति गठन गरेको पनि सो टिप्पणीमा उल्लेख थियो ।

यसका अलावा जिन्सी अभिलेख मूल्य खुलाई दुरुस्त राख्न सुझाव दिइएको, नियमानुसार सामाजिक परीक्षण गर्न पनि सुझाव दिइएकोमा यस वर्ष लेखाको प्रचलित मान्यता अनुसार राखेको टिप्पणी गरिएको छ ।

क्याम्पसको नाममा रहेको वा खरिद गरिएको जग्गा, भवन, फर्निचर, अन्य उपकरणहरु क्याम्पस सञ्चालक समितिबाट एक मूल्य निर्धारण समिति गठन गरी मूल्य तोक्न र स्थीर सम्पत्तिमा राख्न समेत प्रतिवेदनले सुझाएको छ । प्राप्त सुझावका आधारमा सार्वजनिक परीक्षणका लागि क्याम्पसका तर्फबाट तुरुन्त नियमसम्मत प्रयास गरिने छ । यसका साथै मूल्य खुलाएर जिन्सी सामानको अभिलेख राख्ने प्रक्रियाको प्रारम्भ गरिनेछ । यसका लागि उचित समयमा नै आवश्यक व्यवस्थापकीय निर्णयहरु समेत गरिने छ ।

प्रतिवेदनमा यस क्याम्पसलाई प्राप्त भएको रकम तोकिएको शीर्षकमा तोकिए बमोजिम खर्च भएको पाइएको उल्लेख छ । क्याम्पस सञ्चालक समिति नियमानुसार

गठन भएको उल्लेख छ । शिक्षकले खाने तलवको १ प्रतिशत आयकर नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम सम्बन्धित खातामा जम्मा गर्ने गरेको समेत प्रतिवेदनमा समावेश छ ।

अन्त्यमा, आम्दानी र खर्चको खाताहरु नियमानुसार राख्नुपर्ने भएकोले सो खाता अनिवार्य राखी कार्य सञ्चालन गर्न र कुनै रकम प्रविष्ट गर्न छुट भएमा दामकाम गर्ने र व्यवस्थापन पक्ष नै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत सुझावमा समेटिएको छ ।

(७)

## सामाजिक प्रगति

### ७. सामाजिक प्रगति

शैक्षिक केन्द्रले समाजको प्रतिनिधित्व गरेको हुन्छ । त्यहाँ समाजको प्रतिच्छायाँ देख्न सकिन्छ । शैक्षिक संस्थालाई समाजको सानो एकाइ पनि भन्ने गरिन्छ किनभने त्यहाँ सानो समाज हुन्छ । नेपालमा प्रदान गरिने शिक्षा नेपाली समाज अनुकूल छ । त्यसलाई अझ व्यापक बनाउने हो भने अन्य विधि र प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ । त्यसैले नेपाली समाज अनुकूल शिक्षा प्रदान गर्न यो क्याम्पस सबल र सक्षम छ ।

#### ७.१.सामाजिक क्रियाकलापमा क्याम्पसको संलग्नता:

क्याम्पस समाजकालागि अपरिहार्य रहेको छ भने समाज पनि क्याम्पसका लागि उत्तिकै आवश्यक छ । दुवै एक अर्काका परिपूरक रहेका छन् । समाजको शैक्षिक आवश्यकता यही क्याम्पसले पूरा गरेको छ । समाजका लागि योग्य र दक्ष नागरिक तयार गरी समाज विकासमा सहयोग गरिरहेको छ । शिक्षाक्षेत्रका दक्ष नागरिक, वाणिज्य क्षेत्रका दक्ष नागरिक लगायत विविध क्षेत्रका प्रतिष्पर्धी जनशक्ति तयार गर्ने काम यस क्याम्पसले गरेको छ । जिल्लाभित्र बसोबास गर्ने व्यक्तिहरु ठूलो आशा र भरोसा राखेर यस क्याम्पसमा भर्ना भएका छन् । उनीहरुको मर्म र भावनालाई बुझेर शिक्षण गर्नु, सिप सिकाउनु र दक्षता प्रदान गर्नु क्याम्पसको मुख्य दायित्व हो । त्यतिमात्र होइन आपत, विपत र संकटमा परेकाबेला प्रभावित समुदाय तथा व्यक्तिलाई क्याम्पसले सहयोग गर्दै आएको छ ।

**७.२. क्याम्पसलाई समुदायको सहयोग :**

यो क्याम्पस सामुदायिक क्याम्पस हो । यसमा समुदायको ठूलो लगानी रहेको छ । एक व्यक्तिको प्रयासबाट मात्र क्याम्पसको विकास भएको होइन । प्रत्येक जिल्लाबासी, छिमेकी तथा दातृ संघ संस्थाको सहयोगमा यो क्याम्पस हालको अवस्थामा आइ पुगेको हो । भवन निर्माण गर्न, फर्निचर निर्माण गर्न, सूचना र प्रविधिको पहुँच क्याम्पससम्म पुर्‍याउन जनसमुदायको सहयोग रहेको छ । आर्थिक, भौतिक, प्राविधिक सहयोगका माध्यमबाट समुदायले सहयोग गरेको कुरा अविस्मरणीय रहेको छ । केही महिना अघि मात्र क्याम्पसको स्तर उन्नतिको लागि जनसमुदायले यस क्याम्पसलाई ठूलो धनराशी सहयोग गरेका छन् । स्नातकोत्तर कक्षा सञ्चालनको लागि समुदाय उत्साहित भएकोमा समुदायको उत्साहलाई यथावत राख्न स्नातकोत्तर कक्षा सञ्चालन गरिसकेको छ । क्याम्पसमा छात्रवृत्तिका लागि अक्षयकोष राख्ने क्रम बढेको छ । हालसम्म तीन लाख सम्मको अक्षयकोष राखी सकिएको छ । करीब एक करोडको हाराहारीमा जनसमुदायबाट यस क्याम्पसलाई यस वर्ष सहयोग प्राप्त भएको छ । यसरी जनसमुदायको सहयोग यस क्याम्पसले हालसम्म पाइरहेको छ ।

**७.३. क्याम्पसबाट समुदाय सहयोगको योजना :**

समुदायको चाहनालाई मध्यनजर गर्दै यस क्याम्पसमा मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकायबाट स्नातक तहको पढाइ सुरु भयो । त्यसपछि जन चाहनालाई सम्बोधन गर्दै शिक्षाशास्त्र संकाय थप भयो र युग अनुकूल व्यवस्थापन संकाय थप गरी फरक फरक दक्षताका विद्यार्थीहरु उत्पादन गरी समुदायलाई दिइरहेको छ । समुदायको माग बढ्दै गएको खण्डमा अन्य प्राविधिक तथा व्यवसायिक विषयहरु पनि थप गर्दै लगिने छ । हालसालै मात्र समुदायको आशा, आकाङ्क्षा र चाहनालाई मध्यनजर गर्दै स्नातकोत्तर कक्षा सञ्चालन गर्न क्याम्पस सञ्चालक समिति र क्याम्पस परिवार पहल कदमी गरिरहेको छ ।

**७.४.क्याम्पसमा समुदायको सहयोग वृद्धि गर्ने योजना :**

मुलतः क्याम्पस समुदायको हो । यसको सञ्चालन र व्यवस्थापन समुदायबाट भइरहेको छ । शिक्षा क्षेत्रमा चासो राख्ने सबै जनसमुदाय यसको साझेदार हुन् । समुदायको सहभागिता बृद्धि गर्ने वास्तविक योजना बनाएको नभए पनि क्याम्पसले समुदायको आशा निरन्तर गरिरहन्छ ।

(८)

## मुद्दा तथा चुनौतीहरु

### ८.१ मुद्दा (Issues)

कुनै पनि जीवित संस्थाका प्रवल मुद्द तथा चुनौतिहरु अवश्य हुन्छन् । यस क्याम्पसमा विद्यमान शैक्षिक, भौतिक सवाल तथा मुद्दाहरुलाई यसरी देखाउन सकिन्छ

**८.१.१ अल्पकालीन मुद्दाः**

- ❖ भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, प्रशासकीय कक्ष) विकास सम्बन्धी मुद्दा ।
- ❖ विभागीय कक्ष र कक्षाकोठाको विकास सम्बन्धी मुद्दा ।
- ❖ पुस्तकालय भवन र पुस्तकालय विकास सम्बन्धी मुद्दा ।
- ❖ आधुनिक फर्निचर, कक्षाकोठा र शैक्षिक सामग्रीको अभाव ।

- ❖ उच्च शिक्षा सञ्चालन सम्बन्धी मुद्दा ।
- ❖ आन्तरिक श्रोत व्यवस्थापन सम्बन्धी मुद्दा
- ❖ शैक्षिक गुणस्तर विकासका मुद्दा ।
- ❖ प्रविधि प्रयोग सम्बन्धी मुद्दा ।
- ❖ प्राध्यापकहरुको क्षमता विकास सम्बन्धी मुद्दा ।
- ❖ अध्यापक तथा कर्मचारीको सेवा सुविधा सम्बन्धी मुद्दा ।

८.१.२. **दीर्घकालीन मुद्दा :**

- ❖ सेवारत प्राध्यापक तथा कर्मचारीहरुको सेवाको सुरक्षा सम्बन्धी मुद्दा ।
- ❖ प्राध्यापक तथा कर्मचारीहरुमा कार्यसम्पादन र मूल्याङ्कन सम्बन्धी मुद्दा ।
- ❖ न्यून तलवमान सम्बन्धी मुद्दा ।
- ❖ माथिल्लो योग्यता भएका प्राध्यापकहरुलाई नियुक्ति सम्बन्धी मुद्दा।
- ❖ आधुनिक शैक्षिक प्रविधिहरुको उपयोग सम्बन्धी मुद्दा ।
- ❖ आर्थिक स्रोत साधन सम्बन्धी मुद्दा ।
- ❖ खोज तथा अनुसन्धानमूलक जर्नलहरु प्रकाशन सम्बन्धी मुद्दा ।
- ❖ पुस्तकालय तथा खेलकुदको उचित व्यवस्थापन सम्बन्धी मुद्दा ।
- ❖ शैक्षिक उन्नयन सम्बन्धी मुद्दा ।
- ❖ क्याम्पसको स्तर उन्नतिका कार्यक्रम, संकाय थप गर्ने कार्यक्रम सम्बन्धी मुद्दा ।
- ❖ प्राविधिक विषयको सम्बन्धन र अध्यापन सम्बन्धी मुद्दा ।
- ❖ पिछडिएका वर्ग तथा समुदायको शैक्षिक अवसर वृद्धि गर्ने प्रयोजनका लागि प्रोत्साहन सम्बन्धी मुद्दा

## ८.२ चुनौति (Threats/Challgenges)

यस क्याम्पसको सर्वाङ्गिण विकासका तत्कालै समाधान हुन नसक्ने र दीर्घकालीन रुपमा रहेका चुनौतिहरु यस प्रकार रहेका छन् -

- ❖ यस क्याम्पसको भौतिक, शैक्षिक उन्नयनका लागि दीर्घकालिन वित्तीय स्रोत व्यवस्थापन गर्न नसक्नु ।
- ❖ दुर्गम पहाडी जिल्ला भएका कारण माथिल्लो योग्यता भएका शिक्षकको व्यवस्था हुन नसक्नु ।
- ❖ राजनीतिको प्रभाव रहनु ।
- ❖ उच्चशिक्षाप्रतिको सरकारी उदासिनता र नीतिगत अस्पष्टता ।
- ❖ भौगोलिक विकटता ।
- ❖ बैज्ञानिक तथा प्राविधिक शिक्षाको लागि आवश्यक मानव संसाधानको अभाव ।
- ❖ भौतिक पूर्वाधार विकास गर्न नसक्नु ।
- ❖ शैक्षिक विकास कार्यक्रम ।
- ❖ मानव संसाधन विकास तथा गुणस्तर सुधार ।
- ❖ खोज तथा अनुसन्धानमूलक प्रकाशन गर्न नसक्नु ।
- ❖ आधुनिक शैक्षिक प्रविधिको प्रयोगमा जटिलता ।
- ❖ सूचना र सञ्चार प्रविधिको अधिकतम प्रयोगमा जोड दिन नसक्नु ।
- ❖ शहरकेन्द्रित विद्यार्थीको मानसिकताले प्राविधिक विषयको अध्यापनमा समस्या ।
- ❖ विद्यार्थीलाई छात्रवृत्ति र प्राध्यापकलाई तालिमको व्यवस्था गर्न नसक्नु ।

**८.३ क्याम्पसका मुद्दा तथा चुनौति न्यूनिकरणका उपायहरु**

- ❖ भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, प्रशासकीय कक्ष) निर्माण सुरु भएको ।
- ❖ उच्च शिक्षा सुधारमा भवन निर्माणलाई प्राथमिकता दिइएको ।
- ❖ पुस्तक थप गर्ने कार्य भइ रहेको ।
- ❖ आधुनिक फर्निचर लगायतका सामग्री थप भइरहेको ।
- ❖ समुदायको सहयोग प्राप्त गर्नु ।
- ❖ आवधिक परीक्षाको योजना अघि सारिएको ।
- ❖ इन्टरनेटको सेवा सुविधा लिने प्रक्रियामा रहेको ।
- ❖ प्राध्यापक, कर्मचारीको सुविधा विस्तारको प्रयासमा रहेको ।

- ❖ खोज तथा अनुसन्धानका लागि रिसर्च सेल गठन भइ सकेको ।
- ❖ स्नातकोत्तर तहका कक्षा सञ्चालन भएको ।

**८.४ चुनौती सम्बोधनको योजना**

- ❖ उच्च शिक्षा सुधार परियोजनाको कार्यान्वयन प्रक्रियामा तीव्रता दिइ खरिद तथा निर्माण योजना अनुसार कार्य गरिएको ।
- ❖ दातृ संस्थाहरुसँग भवन निर्माणका लागि प्रस्तावना पेश गरिएको ।
- ❖ समुदाय सहयोग सम्बन्ध विस्तार गरिएको ।
- ❖ उच्च शिक्षाको स्नातकोत्तर कक्षा सञ्चालनका लागि आवेदन गरिएको ।
- ❖ सरोकारवालाहरुसँगको सम्पर्क विस्तार गरिएको ।
- ❖ प्राध्यापक तथा कर्मचारीहरुसँग सञ्चालक समितिबाट परामर्श गरिएको ।
- ❖ भौतिक पूर्वाधार विकासका लागि सञ्चालकहरुको ध्यान केन्द्रित भएको ।
- ❖ स्नातकोत्तर तह र प्राविधिक तथा व्यवसायिक विषय अध्यापनमा ध्यान केन्द्रित भएको ।